## मोदी नेपाल आउने

काठमाडौं । भारतीय लगानीमा निर्माण हुन लागेको अरुण तेस्रो जलविद्युत आयोजनाको शिलान्यास कार्यक्रममा भारतीय प्रधानमन्त्री नरेन्द्र मोदी नेपाल आउने सहमति भएको छ । भारत भ्रमणमा रहेका प्रधानमन्त्री शेरबहादुर देउवासँगको भेटका अवसरमा भारतीय प्रधानमन्त्री मोदीले छिट्टै नेपाल भ्रमण गर्ने वचन दिएको स्रोतले बताएको छ ।

जननी जन्मभूमिश्च स्वर्गादपि गरियसी
(Mother And Motherland Are Greater Than Heaven)

# ग्रेटर नेपाल

(देशभक्ति, पर्यावरण र सामाजिक विकासमा समर्पित)
Greater Nepal Weekly
साप्ताहिक


## भारत रिझाउने देउवा प्रयास

काठमाडौं । प्रधानमन्त्री शेरबहादुर देउवाले नेपालको संसदले टुंगो लगाइसकेको संविधान संशोधनको विषय भारतमा उठाएका छन् । संविधान संशोधन गराउन दबाब दिन नेपालमाथि नाकाबन्दी समेत थोपरेको भारतलाई देउवाले संविधान संशोधन गर्ने आश्वासन दिएका छन् । भारतीय प्रधानमन्त्री मोदीसँगको छलफलमा देउवाले फेरि दुईतिहाई पुऱ्याएर संविधान संशोधन गर्ने बताएका छन् । मोदीलाई खुसी पार्न देउवाले गलत आश्वासन दिएका छन् । संविधान संशोधन देउवाले चाहँदैमा र भारतले दबाब दिँदैमा हुने होइन ।

वर्ष ६ अंक २०, २०७४ साल भदौ ९ गते शुक्रबार, नेपाल संवत् ११३७ (Aug. 25, 2017) Website : www .greaternepal .com .np मूल्य रु. १० ।-

# देउवाको दिल्ली भ्रमण लम्पसारवादकै शृङ्खला

काठमाडौं । प्रधानमन्त्री शेरबहादुर देउवा ४८ सदस्यीय राजकीय भ्रमण टोलीको नेतृत्व गर्दै नयाँदिल्ली पुगेका छन् । भारतीय समकक्षी नरेन्द्र मोदीको निमन्त्रणालाई स्वीकार्दै हतारसाथ दिल्ली दौडिएका देउवालाई इन्दिरा गान्धी अन्तर्राष्ट्रिय विमानस्थलमा स्वागत गर्न मोदी भने आएनन् । जबकि मोदी नेपाल भ्रमणमा आउँदा तत्कालीन प्रधानमन्त्री सुशील कोइरालाले त्रिभुवन अन्तर ाष्ट्रिय विमानस्थलमा आफैं गएर स्वागत गरेका थिए । गिरिजाप्रसाद कोइराला भारत भ्रमणमा जाँदा त्यहाँका तत्कालीन प्रधानमन्त्री डा.मनमोहन सिंहले विमानस्थलमै गएर हार्दिक स्वागत गरेका थिए । तर भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीले भने आफैंले निमन्त्रणा गरेर दिल्ली आएका नेपालका प्रधानमन्त्रीलाई विमानस्थलमा स्वागत गर्न आवश्यक ठानेनन् । त्यसको बदला उनले निर्धारित भेट कार्यतालिका नाघेर आफ्नो निवास सेभेन रेस कोर्समा बुधबार प्रधानमन्त्री देउवासँग वान टु वान वार्ता गरेका छन् । नितान्त गोप्य सो वार्तामा मोदीले देउवालाई के के अर्ति दिए अनुमान भने लगाउन सकिन्छ ।



तीन महिना अघिदेखि दोक्लाममा भारत चीनबीच विवाद कायमै छ । अहिले त्यहाँ गोर्खा सैनिकलाई तैनाथ गरिएको छ । उत्तरपूर्वी मेघालय राज्यको सिलोङमा रहेको ८ गोर्खा रायफल्सको हेडक्वाटरबाट भारतले दोक्लाममा सैनिक परिचालन गरेको हो । चीन भुटान सीमा क्षेत्र दोक्लाममा गोर्खा सैनिक उतारेर भारतले चीनसँग लड्ने संकेत गरेको छ । भारतले जुनसुकै युद्धमा पनि गोर्खा सैनिकलाई नै युद्धमोर्चामा पठाउने गरेको छ । सन् १९६२ को चीनसँगको सीमायुद्धमा र १९९९ को पाकिस्तानसँगको कारगिल युद्धमा भारतले गोर्खा सैनिकलाई नै लडाएको थियो । विवादित कस्मिरको पाकिस्तानसँगको सीमा क्षेत्रमा गोर्खा सैनिक नै सुरक्षामा खटिएका छन् भने लद्दाखस्थित लाइफ अफ एकचुअल कन्ट्रोल (एनओसी) मा पनि गोर्खा सैनिकलाई नै गस्तिमा उतारिएको छ । म्यान्मार बंगलादेश र चीनसँगको सीमावर्ती क्षेत्रमा गोर्खा सैनिक नै परिचालित छन् । गोर्खा सैनिकले नै भारतको सुरक्षा गरिरहे पनि नेपालसँग मोदी प्रशासनको व्यवहार भने हेपाहापूर्ण रहँदै आएको छ । नेपालले आफ्नो संविधान बनाएर जारी गर्दा आफ्नो भूमिका गौण भएको ठानेर नयाँदिल्लीले नेपालमाथि पाँच महिना लामो नाकाबन्दी लगाएको थियो । नेपालको संविधानलाई अझै मोदी सरकारले सममर्थन गरेको छैन । प्रधानमन्त्री देउवाले आफ्नो दिल्ली भ्रमणमा भारतीय संस्थापन पक्षलाई संविधानको पक्षमा उभ्याउन सक्ने सम्भावना न्यून छ ।

मोदी र देउवाबीचको गोप्य वार्तामा मोदीले दोक्लाम विवादमा नेपालको समर्थन खोजेको आशंका गरिएको छ । दोक्लाम विवादमा नेपालले तटस्थताको नीति अवलम्बन गरेको छ । वास्तवमा नेपालले अंगिकार गरेको पञ्चशील र असंलग्न परराष्ट्र नीतिको आधारमा दोक्लाम प्रकरणमा नमुछिने निर्णय सकारात्मक भए पनि भारतले भने चित्त दुखाएको हुनुपर्छ । सन् १९५० को नेपाल भारत शान्ति तथा मैत्री सन्धिलाई देखाएर भारतले नेपाललाई आफ्नो समर्थनमा उभिन बाध्य पार्न खोज्दैछ । सो सन्धिको धारा २ मा उल्लेख गरिएको छ- दुई सरकारले एक अर्काको छिमेकीबाट उनीहरुमा कुनै गम्भीर असमझदारी वा खतराका अवस्थाबाट हुने मित्रवत सम्बन्धकै उल्लंघनबारे एक अर्कालाई जानकारी दिनेछन् । यही धारालाई टेकेर भारतले दोक्लाम प्रकरणमा नेपालले भारतको पक्ष लिनुपर्नेमा जोड गरिरहेको छ । दोस्रो पटक प्रधानमन्त्री भएपछि भारत भ्रमणमा गएका माओवादी केन्द्रका अध्यक्ष समेत रहेका पुष्पकमल दाहालले अन्तर्राष्ट्रिय मुख्य विषयहरुमा भारतसँगै उभिने प्रतिबद्धता गरे । यो सम्झौता सन् १९५० को सन्धिभन्दा पनि खतरनाक छ । दोक्लाम भुटानको भूभाग हो भन्ने भारतीय ठम्याइ भएपछि नेपालले पनि भारतकै निष्कर्षलाई सही हो भन्नैपर्छ ।

नेपालको असंलग्न परराष्ट्र नीति विपरीत दाहालले संयुक्त प्रेस विज्ञप्तिमा सही गरेर परराष्ट्र मामिलामा भारतको निर्देशनलाई स्वीकार गर्न बाध्य बनाएका छन् । यसले नेपाललाई भुटानकै अवस्थामा पुऱ्याएको छ । भूटानको विदेश र रक्षा नीति नयाँदिल्लीले तय गर्दै आएको छ । दुनियाँकै 'ह्याप्पीनेस स्टेट' का रुपमा चिनिने भूटान भारतको हस्तक्षेपबाट मुक्त हुने प्रयत्न भने गरिरहेको छ । तर नेपाल भने झन् झन् भारतको सिकन्जाभित्र कैद हुँदै गइरहेको छ । दोक्लाम विवाद चलिरहेकै बेला र देउवाको दिल्ली भ्रमणको पूर्वसन्ध्यामा चिनियाँ उपप्रधानमन्त्री वाङ्दीले नेपाल भ्रमण गर्नुलाई पनि दोक्लामसँग जोडेर हेरिएको छ । वाङले नेपालले लिएको तटस्थता नीतिको तारिफ गर्दै यसलाई कायम राख्न जोड दिएर गएका थिए । ऐतिहासिक तथ्यहरुले दोक्लाम चिनियाँ भूभाग हो भनेर पुष्टि गरेपछि भुटान समेत दोक्लाममाथिको आफ्नो दाबाबाट पछि हटेको छ । बरु नेपालले दोक्लाममा भारतीय दादागिरीको विरोध गरेर अन्तर्राष्ट्रिय स्तरमा चर्चा बटुल्ने मौका बाँकी ८ पेजमा

## देउवाले गरे ८ बुँदे समझदारी

काठमाडौं । प्रधानमन्त्री शेरबहादुर देउवाले भारतसँग विभिन्न ८ सम्झौता गरेका छन् । हैदरावाद हाउसमा दुई देशका प्रतिनिधिमण्डलस्तरीय वार्तामा सो सम्झौता भएको हो ।

वार्तापछि प्रधानमन्त्रीद्वयको उपस्थितिमा दुई देशका अधिकारीले द्विपक्षीय समझदारी र सम्झौतामा हस्ताक्षर गरेका छन् । वार्तापछि दुई देशका प्रधानमन्त्रीले नेपाल-भारत १३२ केभीएको कटैया कुसहिया प्रसारण लाइन र अर्को रक्सौल-परवानीपुर प्रसारणलाइन दूरनियन्त्रित यन्त्रबाट शुभारम्भ गरेका छन् ।

नेपाल र भारतबीच पुनर्निर्माणसम्बन्धी ४ वटामा समझदारीमा हस्ताक्षर भएको छ । त्यस्तै नेपाल र भारतबीच पुरातात्विक सम्पदामा, हाउजिङ, स्वास्थ्य र शिक्षा गरी कुल २ खर्ब २० अर्ब सहयोग गर्ने सम्झौतामा हस्ताक्षर भएको छ ।

त्यस्तै भारतले अब नेपालको चाटर्ड एकाउन्टेन्टलाई मान्यता दिएको छ । दुई मुलुकका गुणस्तर तथा नापतौल निकायबीच हुने समझदारीले नेपालले गुणस्तर चिह्न दिएका वस्तुलाई भारतले मान्यता दिने र भारतले गुणस्तर चिह्न दिएका वस्तुलाई नेपालले बाँकी ८ पेजमा

## नेसनलको सम्बन्धन धरापमा

काठमाडौं । डा. गोविन्द केसी अनसन बसिरहेकै अवस्थामा अदालतको पुरानो फैसलालाई आधार मान्दै त्रिविका उपकुलपति डा. तीर्थ खनियाको निर्देशनमा नेसनल मेडिकल कलेज घट्टेकुलो काठमाडौंलाई सम्बन्धन दिने काम भएको थियो । डा.बसुरुद्दिन अन्सारी मेडिकल डाइरेक्टर रहेको उक्त कलेजले तोकिएको मापदण्ड समेत पूरा नगरेको भनेर अहिले सञ्चार माध्यममा सर्वत्र विरोध भइरहेको छ । काठमाडौं उपत्यकामा आगामी १० वर्षसम्म कुनै मेडिकल कलेज खोल्न नपाइने गरी डा. केसीसँग सरकारले यसअघि पनि सम्झौता गरेको थियो । सरकारको निर्णय विपरीत त्रिविविले चोर बाटोबाट दिएको सम्बन्धनमा ठूलो आर्थिक चलखेल भएको आरोप लागेको छ । बाँकी ८ पेजमा

## भारतमा आत्महत्या गर्दै किसान

काठमाडौं । भारतको पश्चिमी महाराष्ट्र राज्यमा मात्रै एक सातामा कम्तीमा ३४ जना शिक्षकले ज्यान गुमाएका छन् । राज्यका आठ जिल्लाका स्थानीय अधिकारीले संकलन गरेको विवरणमा सात दिनभित्रै यति ठूलो संख्यामा कृषकले आत्महत्या गरेका थिए ।

यही ६ देखि २३ अगस्तसम्मको अवधिमा उनीहरुले आत्महत्या गरेका अधिकारीहरुले जानकारी दिएका छन् । वर्षाको समयमा पनि औसतभन्दा कम वर्षा भएकाले बालीको उब्जनी कम हुने भन्दै कृषकहरु चिन्तामा रहेको उनीहरुको भनाइ छ । किसानहरुले कृषिऋृण क्षतिपूर्ति मागिरहेका थिए ।

सन् २०१७ को सुरुदेखि अहिलेसम्म महाराष्ट्र राज्यभर झन्डै पाँच सय असीभन्दा बढी किसानले आत्महत्या गरेको स्थानीय सञ्चारमाध्यमले जनाएका छन् । गत साता मात्रै भारतको आर्थिक राजधानी मुम्बईमा किसानले बृहत प्रदर्शन गरेका थिए । उनीहरुले सरकारी जागिर र शैक्षिक संस्थाहरुमा कृषकहरुका लागि छुट्टै कोटाको व्यवस्था गर्न पनि माग गरेका थिए । प्रदर्शनकारीले आफ्नो ऋृण मिनाहा गर्ने सूचीमा राखिदिन पनि सरकारी पक्षसँग आग्रह गरेका छन् ।

महाराष्ट्र राज्यमा मराठा समुदायको एकतिहाई जनसंख्या रहेको र उनीहरु अधिकांश कृषक पेसामा आबद्ध रहेका छन् । भारतमा पछिल्लो केही समय कृषिका लागि प्रतिकूल मौसम भएकाले कृषक पीडित भएका छन् । कहिले खडेरी पर्ने कहिले अत्यधिक वर्षाका कारण बाढीको असर पर्ने गरेको छ । जलवायु परिवर्तनका कारण तीन वर्षको अवधिमा भारतमा ५९ हजारभन्दा बढी किसानले आत्महत्या गरेको क्यालिफोर्निया युनिभर्सिटीको एक अध्ययनले देखाएको छ ।

## फेसबकु ह्याक, फोनबाट धम्की

काठमाडौं । संसदमा संविधान संसोधनको पक्ष र विपक्षमा मत राख्ने प्रक्रिया चलिरहँदा भारतीय राजदुतावासमा दुई मिनि ट्रक १०० दरका भारु नोट प्रवेश गरिसकेको र त्यसले सांसद खरिद गरी संविधान संसोधनको पक्षमा फ्लोर क्रस गराई दुईतिहाइ मत पुऱ्याउने रअको चलखेल स्टाटस लेखी पोष्ट गरेलगत्तै सेयर हुन थालेपछि यस पत्रिकाका सम्पादक/प्रकाशक सुरेन्द्र ढकालको फेस बुक ७२ घण्टा ह्याक गरियो भने भाद्र ७ गते एकाबिहान ०००००८०० नम्बरको फोनबाट एक शुद्ध नेपाली भाषा बोल्ने स्वर भएको व्यक्तिले ढकाललाई फोन गरी नेपालमा बसी जन्मजात भारतको विरोध गर्नेहरुको एक एक गरी ज्यान लिने धम्की दिएको छ । यसबाट के बुझ्न सकिन्छ भने रअले तन मन धनले सहयोग गर्दा समेत संविधान बाँकी ८ पेजमा

## बर्दियामा जंगे पिलर हराए



गुलरिया । नेपाल भारतको सिमाना छुट्याउने जंगे पिलर जीर्ण अवस्थामा पुगेका छन् । राससको समाचारमा जनाइएअनुसार बर्दिया जिल्लाको सीमामा रहेका जंगे पिलर कुनै भत्केको कुनै जीर्ण भएको र कुनै नदीले बगाएको अवस्थामा रहेका छन् । दुईवटा जंगे पिलर हराएका छन् । पाँचवटा पिलर जीर्ण भएर मर्मत गर्नुपर्ने अवस्थामा रहेका छन् भने ३२ वटा रंगरोगन गर्नुपर्ने अवस्थामा छन् ।

जंगबहादुर राणाले आफ्नो प्रधानमन्त्रित्व बाँकी ८ पेजमा

## समय-सन्दर्भ | जम्बो मन्त्रिमण्डल अर्थतन्त्रको धमिरा मात्र

राजेन्द्र शर्मा

छिटोछिटो सत्ता परिवर्तन हुने र सत्ताको नेतृत्व गर्नेले आफ्नो सत्ता बलियो बनाउन सन्तुलन मिलाउने नाममा चाहे जति व्यक्तिलाई मन्त्री बनाएर जम्बो मन्त्रिमण्डल बनाउने चलनले निरन्तरता पाइ नै रहेको छ । कुनै प्रयोजनबिना चिल्ला गाडीको झन्डा हल्लाएर भत्ता पचाउने व्यक्तिहरु आफैंलाई पनि मन्त्री बन्न लाज लाग्नुपर्ने हो तर त्यस्ता सतपात्र कहाँ पाउने ? प्रधानमन्त्री शेरबहादुर देउवाले राज्यमन्त्रीहरु थप गरेपछि ५० जना अर्थात् हात सेन्चुरीको संख्या मन्त्रिमण्डलमा पुगेको छ । मुलुकको अर्थतन्त्रले धान्न नसक्ने गरी बनाइएको मन्त्रिमण्डलका कारण मन्त्रालय चुस्त



दुरुस्त बन्नुको सट्टा झन् अस्तव्यस्त बनिरहेका छन् ।

एकजना सहसचिवले नाम नछाप्ने शर्तमा आफ्नो कार्यकक्ष राज्यमन्त्रीलाई सुम्पेर आफू शाखा अधिकृतसँग कोठा शेयर गर्न गएको र आफ्नो जस्तै हालत प्रायःजसो मन्त्रालयका सहसचिवको भएको बताएका छन् । उनले आक्रोशित हुँदै भने यहाँ ब्युरोक्रेसी अस्तव्यस्त र निकम्मा बन्यो भन्ने आरोप लगाइन्छ । तर अस्तव्यस्त बनाउने काम माथिबाटै अथवा क्याबिनेटबाट नै भइरहेको छ । कामबिनाका सेतो हात्ती मन्त्रालयमा पाल्दा खर्चको बोझ त बढ्छ नै उनीहरुको वरिपरि घुम्ने हुक्के, बैठकेका कारण सिंगो मन्त्रालयको वातावरण नै प्रदूषित बन्छ । वास्तवमा गुनासो गर्ने सहसचिवको भनाइमा पूर्ण सत्यता छ । मन्त्रीकै काम नभइरहेको अवस्थामा राज्यमन्त्री नामका पात्रहरु खडा गरेर राष्ट्रिय सम्पत्तिमा ब्रह्मलुट मच्चाउनेहरु पक्कै पनि मुलुकका नायक होइ नन्, खलनायक नै हुन् ।

संघीय लोकतान्त्रिक गणतन्त्र नेपालको संविधानले जथाभावी मन्त्रीको संख्या वृद्धि नहोस् भनेर २५ जनासम्मको संख्या बाँकी ८ पेजमा




सुरेन्द्र ढकाल प्रतिष्ठानको लागि
सम्पादक/प्रकाशक
सुरेन्द्रप्रसाद ढकाल

कार्यकारी सम्पादक
तेजेन्द्र प्रसाई

प्रबन्ध सम्पादक
कृष्णराज दुलाल

प्रबन्ध निर्देशक
किरण थापा

अतिथि सम्पादक
विष्णु भट्टराई

सम्पादन सहयोगी
घनश्याम ओली/गोविन्द विक

बजार व्यवस्थापन
रामशरण रिमाल/धर्मराज पौडेल

मुद्रक : अन्नपूर्ण अफसेट प्रिन्टर्स, असन, काठमाडौं
कार्यालय : नयाँ बानेश्वर, फोन ४१०५०४८ पोस्टबक्स ४२६५, फ्याक्स ४१०४४८७,
इमेल : greaternepal2012@gmail .com, www .greaternepal .com .np
Visit : www .youtube .com Surendra Dhakal Social Activist

सम्पादकीय

## प्रधानमन्त्रीको बेमौसमी भ्रमण

प्रधानमन्त्री शेरबहादुर देउवा अहिले भारतको राजकीय भ्रमणमा गएका छन् । नेपालमा नयाँ प्रधानमन्त्री बन्ने बित्तिकै दिल्ली दौडिने चलन नयाँ होइन । पुरानै प्रचलनको निरन्तरताका लागि सद्भावना भ्रमणका नाममा देउवा दिल्ली पुगेका छन् । प्रधानमन्त्री हुने बित्तिकै दिल्ली दौडिने प्रचलनमा ब्रेक हुनुपर्छ भनेर राजनीतिक वृत्तमा कुरा नउठेको होइन तर कसैले त्यो हिम्मत गर्न सकेका छैनन् बरू कति बेला जान पाइन्छ भनेर सपथग्रहण गरेकै दिनबाट भ्रमणको साइत जुराउन थालिन्छ । एकपल्ट पूर्व प्रधानमन्त्री पुष्पकमल दाहालले पहिला चीन पुगेर रेकर्ड ब्रेक गर्ने साहस जुटाउन खोजेका थिए तर उनले काठमाडौंको एयरपोर्टमा ओर्लनै बित्तिकै 'मेरो पहिलो राजनीतिक भ्रमण भारतबाट नै हुनेछ' भनेर भारतलाई खुसी पार्न खोजे । केही नेता तथा विश्लेषकहरूले प्रधानमन्त्रीको पहिलो भारत भ्रमणको प्रचलनलाई 'ओहोदाको प्रमाणपत्र बुझाउन जाने शैली' भनेर आलोचना गरेका छन् ।

मुलुक अहिले गम्भीर रूपमा बाढीको चपेटामा फसेको छ । लाखौं जनता घरबारविहीन भएका छन् भने डेढ सयको हाराहारीमा बाढीले ज्यान लिएको छ । जनता दुःखमा परेका बेलामा राज्यका प्रमुख कार्यकारीले मुलुकमै बसेर उद्दार र राहत कार्यमा सक्रिय रूपमा खटेर अनुगमन गरेर जनताको आँशु पुछ्नुपर्नेमा दिल्ली दौडाहामा लागेर आशिर्वाद बटुल्न खोज्नु बेमौसमी रागको अलाप जगाए जस्तो मात्र भएको छ ।

तराईमा आएको भीषण बाढीको क्षतिको प्रमुख साझेदार भारत रहेको तथ्य छर्लंग भइसकेको छ । भारतले अन्तर्राष्ट्रिय कानुन मिचेर सीमामा बनाएका बाँध, सडक लगायतका भौतिक संरचना नै बाढीको मूल कारण बनेको छ । नेपालको अन्न भण्डारका रूपमा रहेको तराईको उर्वरभूमि डुबानमा पारेर भारतले सानो छिमेकी मुलुकलाई दुःखमाथि झनै दुःख दिने काम गरेको छ । नेपाली भूमिमा नै बनाएको कोसी ब्यारेजको साँचो ताला अझै बोकेर भारतले हेपाहा मिचाहा प्रवृत्ति देखाएको छ भने नेपालको राष्ट्रियता र स्वाभिमानमा गम्भीर आघात पुग्ने गरी जथाभावी सन्धि सम्झौतामा ल्याप्चे ठोक्ने गद्दार देशद्रोही नेताहरूका कारण पुस्तौंपुस्ताले घनघोर दुःख झेल्नुपर्ने अवस्था आएको छ ।

भारतले नेपालको जलस्रोत र अन्य प्राकृतिक सम्पदाका अतिरिक्त मेचीदेखि महाकालीसम्म नै सीमा अतिक्रमण गरिरहेको छ । सीमाविद बुद्धिनारायण श्रेष्ठ तथा अन्य यस क्षेत्रका ज्ञाताहरूका अनुसार लगभग भक्तपुर जिल्ला जत्रो क्षेत्रफल नेपाली भूभाग भारतले अतिक्रमण गरिसकेको छ । नेपालको राजनीतिमा समेत सधैंभरि अस्थिरता पैदा गरेर आफ्ना भक्त र दलालहरूलाई मात्र सत्ताको केन्द्रमा हालीमुहाली गराउने वातावरण भारतले निर्माण गर्छ । एउटा असल छिमेकीभन्दा पनि छुद्र छिमेकीको व्यवहार प्रदर्शन गर्ने भारतसँग लम्पसार पर्न जाने प्रवृत्ति सच्चिन आवश्यक छ । भारतका सम्पूर्ण गलत रवैया र थिचोमिचोप्रति खुलस्त बोल्ने हिम्मत हाम्रा प्रधानमन्त्रीले देखाउन सकेमा भ्रमणको औचित्य केही पुष्टि होला अन्यथा यो नितान्त बेमौसमी भ्रमण सावित हुनेछ ।

# अब पालो नागरिकता खारेजीको



**सुरेन्द्र ढकाल**
(अध्यक्ष देपसा मोर्चा)

भारतबाट नेपालमा आई बसेका आप्रवासी भारतीयहरुको संख्या एक करोड रहेको खुलासा भारतका गृहमन्त्री राजनाथ सिंहले सार्वजनिक रुपमा नै गरिसकेको हुँदा त्यो संख्या न्यूनतम हुनुपर्दछ । अर्कोतर्फ भारतको विहार राज्यको महाराजागन्ज जिल्लामा बसोबास गर्ने हजारौं भारतीयसँग नेपाली नागरिकता रहेको पनि खुलासा भएको छ । यही करोडौं भारतीयहरुलाई नेपाली नागरिकता दिँदा नेपाल फिजी हुँदै सिक्किम बन्न जाने देखेर राजा वीरेन्द्र र ज्ञानेन्द्रले नागरिकता विधेयकलाई लालमोहर नलगाई रायको लागि सर्वोच्च अदालततिर पठाइदिने कार्य गरेकै कारण भारतीय गुप्तचर संस्था रअले राजा वीरेन्द्रको वंश विनाश अनि नेपालबाट राजतन्त्र खतम गर्न माओवादी जनयुद्धको उठान गरेको रहेछ भन्ने कुरा समयले प्रमाणित गरिसकेको छ ।

गणतन्त्र स्थापना हुनेबित्तिकै कांग्रेस, माओवादी र एमालेले हस्ताक्षर ठोकी पास गरेको नागरिकता विधेयक कानुन बन्न पुगी सोअनुरुप औपचारिक रुपमा ४३ लाख भारतीयहरुले नेपाली नागरिकता प्राप्त गरिसकेको भने तापनि अनौपचारिक रुपमा यो संख्या ६७ लाख रहेको बताइन्छ । यसरी अंगिकृत नागरिकता प्राप्त भारतीयहरुलाई नेपालको राष्ट्रपति, प्रधानमन्त्री तथा संवैधानिक अंगको प्रमुख बनाउनुपर्ने जिकिर भारत र यसका दलाल नेपाली

**एमाले यसपालि राष्ट्रवादको पक्षमा उभिएको कारण र एमालेलाई कमल थापाको राप्रपाले सघाएको कारण संसोधन प्रस्ताव विफल हुन पुगी नेपाल फिजी हुनुबाट एक हदसम्म वचेको छ**

राजनीतिक दलहरुले गरेकै कारण संविधानको दास्रो संसोधन प्रस्ताव सदनमा पेश भएको थियो । तर महाकालीमा राष्ट्रघात गर्ने, नागरिकता विधयकमा हस्ताक्षर ठोक्ने एमाले यसपालि भने राष्ट्रवादको पक्षमा उभिएको कारण र एमालेलाई कमल थापाको राप्रपाले सघाएको कारण संसोधन प्रस्ताव विफल हुन पुगी नेपाल फिजी हुनुबाट एक हदसम्म वचेको छ ।

भारतीय नाकावन्दीविरुद्ध पनि खरो रुपमा उत्रिएको एमालेले कतै महाकाली सन्धि अनुमोदनको बेलाजस्तै देशलाई धोका दिई रातारात संविधान संसोधनको पक्षमा लाग्छ कि भन्ने ठूलो त्रास राष्ट्रवादी जनमानसमा थियो । तर भारतीय नाकावन्दीलाई चुनौती दिँदै जसरी चीन नेपालको पक्षमा उभियो र तत्पश्चात आफ्नो दक्षिण एसियाली कुटनीतिलाई सक्रिय बनायो त्यसले गर्दा नै एमालेले पनि आफ्नो भारतपरस्त नीति त्यागी राष्ट्रवादको पक्षपोषण सुरु गरी विगतको गल्ती सुधार्ने कार्य गऱ्यो । राष्ट्रवादी नेपाली जनताले पुरस्कारस्वरुप एमालेलाई स्थानीय चुनावमा जिताई ठूलो दल पनि बनाइदिएका छन् । संविधान संसोधन विफल हुनुको कारण पनि यही हो । अब यतिले मात्रै पुग्नेवाला छैन । अझै पनि भारतीय पक्षकै सरकार छ । संसदमा उनीहरुकै बहुमत छ । आउने प्रान्तीय र संघीय संसदको निर्वाचनमा माओ र कांग्रेस मिलेर भरतपुर काण्ड दोहोऱ्याउने प्रचण्डको अभिव्यक्ति बाहिर आइसेकेको परिप्रेक्ष्यमा अब एमालेले पनि सबै राष्ट्रवादीहरुलाई गोलबद्ध गर्न सक्नुपर्दछ र ६३ सालपछि वितरण गरिएका नागरिकता खारेज गर्ने नारा लिएर आगामी चुनावमा जनसमक्ष जान सक्नुपर्दछ ।

नेपाली माटो स्वतन्त्र तिब्बतको पक्षमा प्रयोग गर्न भारत र पश्चिमाहरु मरिहत्ते गरेर लागि परेको हालको अवस्थामा चीनसँगको सम्बन्धलाई अझ गाढा बनाउँदै सकेसम्म धेरै उत्तरी नाकाहरु खोल्ने, नेपालमा रहेका तिब्बती शरणार्थीहरु खुरुक्क मान्छन् भने तिब्बतै फिर्ता मान्दैनन् भने भारतको धर्मशालातिर पठाउने रणनीति अब राष्ट्रवादी नेपालीहरुको हुनुपर्दछ । सिक्किम र दार्जिलिङमा चलेको आन्दोलन र बंगाल सरकारले उनीहरुमाथि लगाएको आर्थिक नाकाबन्दीकै वखत भारत चीन र भुटानको त्रिपक्षीय विन्दुमा चीनले गरेको सामरिक सक्रियताको कारण भारत तर्सेर रक्षात्मक अवस्थामा पुगेको छ । झन् त्यसमाथि आफ्ना कमजोर छिमेकीहरुलाई नसताउन चीनले भारतलाई सचेत समेत गरिसकेको छ । यही मौकामा अब आप्रवासी भारतीयहरुले लिएको नागरिकता खारेज गर्ने महान राष्ट्रवादी कार्यको शुरुवात गर्नुपर्दछ अन्यथा खुला सीमाको कारण फिजी हुँदै नेपाल सिक्किम बन्ने अवस्था जहिले पनि कायम रहने छ ।

मंसिरमा हुन गइरहेको प्रान्तीय र संघीय चुनावमा यदि राष्ट्रघातीहरुलाई जरैदेखि उखेल्ने हो भने संविधान संसोधन फेल भएको सुनौलो मौकामा अब पालो भनेको ६३ सालपछि भारतीयहरुलाई दिइएका नागरिकताको खारेजी नै हो । यही प्रस्ताव लिएर जनसमक्ष जानुको अर्को विकल्प पनि छैन ।

# हाम्रा दुवै उत्तर दक्षिण देशहरूसँग



**जगदीश लामिछाने**
रौतहट, पौराई

नेपाललाई इ.सं. १९४७ कै आँखाले अथवा १९५० कै अवस्थामा हाम्रा दुवै मित्र देश भारत तथा चीनले हेरिरहनु युग सुहाउँदो नीति होइन । यस बीचमा चीनले जसरी शक्ति सञ्चय गरी अमेरिकासँग व्यापार गर्ने सफलता र संयुक्त राष्ट्र संघमा विशेषाधिकार रुस सरह पाइसकेकै छ । यस्तै हाम्रा दक्षिणी मित्र भारतले पनि अघि बढ्नु स्वभाविकै हो । तर पनि सार्क गठन गरिसकेपछि दोक्लामबारे विवादमा अरु ऊर्जा खर्च नगरौं । बरु भारत चीन नेपाल तीनवटै देशले समयको माग बुझेर मेल गरौं । नेपालले अहिले तटस्थ बस्नु राम्रो नै भएको छ ।

नेपालका पूर्वराष्ट्रपति डा. रामवरण यादवले २०७४ भाद्र २ गते अन्तरिम संविधान मिचेरै भए पनि मैले एक्लै निर्णय लिएँ- 'खिलराज र लोकमान ल्याउन अरुकै हात थियो' भनी अन्नपूर्ण पोस्ट दैनिक समेतमा वकपत्र दिनुभएको देखियो । त्यसबखत प्रधानसेनापति रुक्मांगद कटुवाल हटाई अर्कै सेनापति राख्ने प्रम पुष्पकमलको विचार हस्तामलक जस्तै पुनः सम्झनामा आयो । यसै बखत डा. लोकराज बराल नेपालले भारत नीति किन बनाएन होला भनी पिरोलिइरहनुभएको पनि देखियो । वास्तवमा हामीले एउटै छिमेकी देशलाई मात्र हेरेर परराष्ट्र नीति बनाउनुभन्दा वर्तमान विश्वशक्ति अमेरिका र आफ्ना छिमेकी समेतलाई हेरेर नेपाली सबै दलको एउटै परराष्ट्र नीति हुनु अनिवार्य नै छ । आयतनमा ठूलो सानो नहेरी प्रत्येक राष्ट्र व्यक्तिसरह विश्वनीतिले मानेकै छ ।

यसैबेला छिमेकी चीनका उपप्रधानमन्त्री वाङयाङ आएर नेपालको परराष्ट्र नीति सन्तुलितै रहेछ भनी नेपालमा ३ दिन बसी स्वदेश फर्कनुभएको छ । त्यस बेला भारत र चीन आफू मिलेर लिपुलेक नाथुला बाटो खोल्छु भन्दा नेपाल त थिएननि कसैले भनेको थाहा भएन । उसै बखतदेखि हरफ कर्तासहितका धेरै विरोध स्तम्भ लेखहरु नेपालमा छापिएकै हुँदा चिनियाँ राजदूताबास जानकारै भएको हुनुपर्छ । कम्तीमा पनि यो नेपालको परराष्ट्र नीति सन्तुलितै रहेछ भन्ने अमृत वचन तिब्बतमा रेल उक्लिएको २००५ इ.सं. पछि भनी दिने गर्नुभएको भए तिबतमा अझै सहायकै हुने थियो । नेपाललाई कैयौं गुन लाग्ने थियो । चीनमै पनि बहुदलीय व्यवस्था नभए पनि उइगुर मुसलमानी, तिब्बती आदि समस्या अझै छन् । भारतीय प्रजातन्त्रमा अनेक समस्यामध्ये गोर्खाल्यान्ड समस्या पनि प्रमुख नै हो । उता अमेरिका उत्तर कोरिया, मुजाहिद्दिन र आफ्नै देशको समस्या भई राष्ट्रपति ट्रम्प अल्झेकै छन् । समस्याहीन कोही छैन । हामी नेपालीले पनि २००४ वि.सं. अर्थात १९४७ इ.सं. देखि प्रजातन्त्रै चाहिन्छ भने पनि अति दुःख खप्ने बानी परेकै छौं । हाम्रै सांसदहरु धेरै मात्तिइसके । उनलाई सत्ता मात्र चाहिन्छ नेपाली चाहिँदैन जस्तो भयो । एक सानो राष्ट्रिय प्रजातन्त्र पार्टी भर्खरै एकीकृत गरेर तत्कालै फुटाउन लाजै नमान्नु ती सांसदहरु मात्तिएकै परिणाम हो । नेपालको संविधान २०७२ मा ९० प्रतिशत सांसदले पास गर्नु सकारात्मकै हो । त्यसैबारे पुनः घनबेल्चा लिएर देशै विखण्डन गर्नेसम्मका जाति विखण्डन मात्तिएकै परिणाम हो । यसको ओखती नै छैन ? अवश्य छ हामी २००० वर्षदेखि यस्तै दुःख संघर्षमा अभ्यस्त नै छौं ।

इतिहास दोहोरिन्छ भन्छन् । उसबेला १८१४-१६ को नेपाल अंग्रेज युद्धमा अप्रत्यक्ष मौन रही सम्झौता भइसकेपछि केही जर्नेल लिएर नेपाल आउने चीन र हामी नेपाली अहिले साथमा भएका छौं । त्यस बखतको बहादुर शाहको सानो भूल भीमसेन थापाले सुधार गर्ने नै थिए । अहिले पनि चीनलाई सार्कमा ल्याउनुपर्छ भन्ने श्री ५ ज्ञानेन्द्रले आफ्नो टाउकाको श्रीपेच नासो राख्न दिएकै हुन् । अंग्रेजको स्वभाव लिएर बसेको भारतले पनि नेपाललाई २०२७, २०४५, २०७२ का नाकाबन्दी र कुनै क्षेत्रका पछि लागी दुःख दिन छोड्नुपर्छ भन्ने नेपाली गोरक्षाली गोर्खाली भनाइ हो । हामीले सम्भावना चीन र भारत (अंग्रेज) मिलेर अझै दुःख होला भन्ने त देख्दैनौं किनभने ७० वर्ष अर्थात् १९४७ देखि २०१७ सम्म दुःखमा अभ्यस्त भई विश्वभर अनुभव बटुलेका छौं तैपनि अहिले हाम्रो मित्र अंग्रेजैसँग पैंचो लिएको सांसदहरुको भ्रष्टाचारै किन अनुकरण गर्नु ? त्यो अंग्रेज आफ्नै देश ग्रेट ब्रिटेनमा फर्किसकेको छ । त्यसैले अंग्रेजको नासो हामीले आफैं हटाउनैपर्ने मोडमा आइपुगेका छौं । मुख्य कुरो हामी तीन देश नेपाल चीन भारत आफ्नै कुभलो नगरीकन पनि मिल्न सक्छौं मिलौं । दोस्रो हाम्रा सांसदहरुको भ्रष्टाचार रोक्न प्रजातन्त्रमै रि-कल फिर्ता बोलाउने विधान नेपाली सांसदहरुले नै पास गरौं । धेरैचोटि भनिएको हो अब निर्णय गर्नैपर्छ । त्यो गरिएन भने नेपाली गोरक्षाली गोर्खाली जनता एक भएर अर्को ठूलै क्रान्ति गर्नेछन् र त्यो क्रान्तिमा अवश्य विजयीसमेत हुनेछन् ।

**अबको क्रान्ति : पर्यावरणीय** — **सुदर्शन प्रधान**

# मातासमान वनजङ्गलको संरक्षण गरौं

'प्राणवायु' अक्सिजन र 'जीवनजल' पानीजस्ता अमूल्य कुराको मूल स्रोत वनजङ्गल हो । अझ घर (आवास) लाई आवश्यक पर्ने काठपात, जडीबुटी, घाँस, इन्धन, फलफूल, शीतल छहारी, प्राकृतिक मलजस्ता थुप्रै कुराहरू उत्पादन गरी मानवसमाजलाई ती सबै प्राप्त भइरहेछन् । प्राणीका लागि वनजङ्गल भनेको माता समान हो, जसको महानता र गौरव अद्वितीय र अवर्णनीय छ । वनजङ्गलबाट प्राप्त हुने स्रोतसाधनबिना मानवसमाज र सभ्यताको अस्तित्व रहँदैन । महान् प्रकृतिको छाती नै उजाडिने गरी बर्सेनि देशभरिका जङ्गलमा आगो लाग्छ । मानिसहरू डढेलो नियन्त्रण गर्न खासै वास्ता गर्दैनन् । तर डढेलोको कारण केके होला र निराकरण कसरी होला ? हरेक धरतीप्रेमीहरूले यो सोच्नै पर्ने विषय हो । अन्यथा भावी सन्ततिको नजरमा वर्तमान पुस्ता दोषी मात्र होइन, कलङ्कित बन्नेछ ।

प्रथम– आम रूपमा डढेलो लगाउने काम मानिसहरूबाटै हुन्छ र त्यो पनि जङ्गलवरपरका बस्तीका मान्छेहरूबाटै हुन्छ । यसमा एकातिर हेलचेक्र्याइँ हुन सक्छ भने अर्कोतिर कसैले घाँसपातका पालुवा बढुन् भनेर र कोही त सिकार खेल्न सजिलोका लागि पनि जङ्गलमा आगो झोस्छन् । तर अब यस्तो निन्दनीय कार्य गर्नेहरूलाई कडा सजाय हुनुपर्छ र जङ्गलमा डढेलो लागेपछि त्यसलाई निभाउने सर्वप्रथम दायित्व पनि त्यही नजिक बस्तीका मानिसकै हुन्छ । उनीहरूले रातोदिन केही नभनी डढेलो नियन्त्रण गर्न तत्परता देखाउनुपर्छ र अरूले पनि भरमग्दुर सहयोग गर्नुपर्छ । यदि यो कुरा कसैले आत्मसात् गर्दैन भने ऊ जङ्गलबाट उत्पादन हुने अक्सिजनदेखि पानी, इन्धन, काठपात कुनै पनि वस्तुहरू उपभोग गर्न नैतिक रूपले च्युत हुन्छ ।

द्वितीय– २०६९ चैत ३० गते राति ८ बजे तनहुँ जिल्लाको बन्दिपुर गाउँमा पुग्दा त्यहाँ वरपरको मुकुन्देश्वरी डाँडा, रानीवन, आनन्दपुरी डाँडा, फलामडाँडा जतातते डढेलोको लपेटाले जङ्गल विनाश गर्दै थियो । मैले नजिकको रानीवनको डढेलो निभाउन बजार र भैंसेखारका युवाहरूलाई आह्वान गरें तर कोही पनि सक्रिय भएनन् । रातभरिमा यो भेकमा सयौं हेक्टर जङ्गल खरानी बन्यो । बिहानीपख केही युवाहरूले रानीवनको डढेलो निभाएर घर फर्के तर दिउँसो पुनः डढेलो फैलियो । हामीलाई चित्त बुझेन, पूर्वसैनिक राजकुमार श्रेष्ठ र यो पङ्क्तिकार दुई जनाले झन्डै ४ घण्टामा ३०० मिटरजति जङ्गलमा फैलिएको डढेलो नियन्त्रणमा लियौं । यहाँका युवा र जनता डढेलो नियन्त्रण गर्न उदासीन हुनाका दुई कारण रहेछन्–

१. बन्दिपुर वार्ड नं. ५ र ६ मा पर्ने रानीवनको काठपात आफूले प्रयोग गर्न नपाउने भएकाले वार्ड नं. ३ र ४ का जनताले 'किन जोखिम मोल्ने वा कष्ट गर्ने' भन्ने सवाल उठायो ।

२. झन्डै दस महिनाअगि यही रानीवनका सालका अमूल्य रूख काटेर केही तस्करहरूले जङ्गलमा मनपरी गरे । पछि त्यसलाई गिरफ्तार गरी कानुनी दायरामा ल्याइयो । तर सम्बन्धित निकायले तस्कर हरूसँग मिलोमतो गरी नाम मात्रको सजाय भयो र त्यहाँ जफत भएको झन्डै २०० क्युबिक फुट सालका थामहरू जिल्ला वनले टाँचा लगाएर बिक्री गरी धन कुम्ल्यायो । यो घटनाले जनतामा नैराश्यता छाएको छ– जङ्गल संरक्षण र डढेलो नियन्त्रण गर्न ।

तृतीय– डढेलो नियन्त्रणसम्बन्धी एक सार्वजनिक स्थलमा छलफल हुँदा मैले 'शिक्षक-विद्यार्थीहरूको दायित्व, अझ जनसङ्ख्या तथा वातावरणको विषय अध्यापन गर्ने/गराउने शिक्षकहरूको जिम्मेवारी अधिक रहेको' चर्चा गरें । त्यहाँ सम्बन्धित शिक्षकले 'आफू त विद्यार्थीहरूलाई पढाउने मात्र हो, डढेलो निभाउने शिक्षक हैन' भनी बहस गरे । वास्तवमा समाज र प्रकृतिको संरक्षणप्रति व्यवहारत जिम्मेवारी र उत्तरदायित्व वहन गर्ने शिक्षकहरूलाई नियुक्ति दिने बेलामै प्राथमिकता दिनुपर्छ– स्कुल, कलेजहरूले । यसका लागि सम्बन्धित निकाय र सञ्चालक समितिका सदस्यहरू स्वयम्ले पर्यावरणको महत्त्व र महानताबारे बुझ्नुपर्छ ।

(क्रमशः)

# मैले देखेको दसौं विश्व सम्पदा : इटलीको फ्लोरेन्स

— सुरेन्द्र ढकाल —



उफिच्जी ग्यालेरी



डुओमोभित्रको कलाकृति



पिआच्जाले मिखेलाञ्जेलोमा भएको विश्वविख्यात डेभिडको मूर्ति



डुओमोअगाडि सुरेन्द्र ढकाल




फ्लोरेन्स सहर



फ्लोरेन्स सहरको भित्री भाग



पिआच्जाले मिखेलाञ्जेलो



फ्लोरेन्सको डुओमो



उफिच्जी ग्यालेरीको गजुरभित्रको कलाकृति

विश्व सम्पदामा सूचिकृत भएको उत्तरी इटलीको मोदेना सहर अवलोकन गरिसकेपछि हामी उही दिन ४ बजेतिर विश्व सम्पदामा सूचिकृत भएको उत्तरी इटलीको अर्को सहर फ्लोरेन्सतर्फ लाग्यौं । इटालियन भाषामा फ्लोरेन्सलाई फिरेन्च्जे भनिन्छ । त्यहाँ पुग्दा बेलुकी भइसकेको हुनाले हामीलाई सरासर होटल पुऱ्याइयो । आआफ्नो कोठामा हामी ब्यवस्थित भइसकेपछि बेलुकी सात बजेबाट हाम्रो बेलुकीको खाना खाने काम सुरु भयो । खाना आइसकेपछि भोलिपल्ट बिहान आठ बजेभित्र ब्रेक फास्ट सकिसक्नुपर्ने उर्दी जारी गर्दै हामीसँगै आएका विश्वविद्यालयका कर्मचारीहरु आआफ्नो कोठा लागिसकेपछि हामी पनि आआफ्नो कोठातर्फ लाग्यौं । भोलिपल्ट बिहानको खाना आठ बजे नै सकेपछि बस चढ्नुअघि फ्लोरेन्समा हेर्नैपर्ने कुरा भनेर हामीलाई बिहानमा उफिच्जी, दिउँसोको खानापछि डुओमो र मिखेलाञ्जेलो स्क्वायर देखाइने जानकारी गराएपछि हाम्रो बस हिँड्यो । बसमा हामीलाई हाम्रा गाइडहरुले फ्लोरेन्स सहरका बारेमा बताए ।

## फ्लोरेन्स सहर

फ्लोरेन्स सहर इटलीको तोस्काना प्रदेशको राजधानी हो । इटलीको एकिकरण गर्ने साभोया राजवंशले यहीबाट इटलीको शासन गरेको थियो र यो इटलीको राजधानी थियो । यही वंशको शासनकालमा प्रधानमन्त्री जुसेप्पे गैरिवाल्डी इटलीको एकिकरण गरेका थिए । यही तोस्कानामा जन्मेका दाँते आलिघिएरी इटली भाषाका आदि कवि बन्न पुगे जो विश्वविख्यात डिभाइन कमेडीका रचयिता थिए । यिनै दाँतेले साहित्यमा गरेको योगदानको कारण फ्लोरेन्समा बोलिने स्थानीय भाषिका (Dialect) फिओरेन्तिनो पछि गएर इटालियन राष्ट्रिय भाषा बन्यो भने साभोया राजतन्त्रको अन्त्यसँगै सन् १८७१ मा इटलीको राजधानी पनि फ्लोरेन्सबाट टुरिन हुँदै रोम पुग्यो । १४औंदेखि १६औं शताब्दिमा फ्लोरेन्स युरोपको सबैभन्दा धनी सहर थियो । यही सहरबाट कलाकृतिको पुनर्जागरण भएको थियो । त्यसैले फ्लोरेन्सलाई मध्ययुगको एथेन्स पनि भनिन्छ । सन् १९८२ मा युनेस्कोको विश्वसम्पदा सूचीमा परेको फ्लोरेन्स सहरमा मात्रै विश्वका हरेक कुनाबाट वार्षिक करोडौं पर्यटकहरु पुग्ने गर्दछन् । यसको अतिरिक्त फेशन डिजाइनको लागि फ्लोरेन्स विश्वका १५ प्रमुख सहरमध्ये १ मा पर्दछ । फ्लोरेन्स मेदिचीहरुको उदगमस्थल पनि हो जस्लाई युरोपकै सबैभन्दा धनी सामन्त मानिन्छ र यही जातिबाटै दुइपटकसम्म पोप बनिसकेका छन् । खास गरी फ्लोरेन्स सहरको स्थापना इशापूर्व २०० मा नै एत्रुस्कन जातिले गरेका थिए भने इशापूर्व ५९ मा रोम सम्राट जुलियस सिजरले फ्लोरेन्स सहरको स्थापना गरेका थिए । आर्नो नदीको किनारमा रहेको मलिलो माटोमा यस सहरको स्थापना भएको कारण यो सहर छिट्टै युरोपेली ब्यापारको केन्द्र बन्न पुगेको थियो । फ्लोरेन्सको सुनौलो युग सन् १००० बाट सुरु भएको थियो । यही बेलादेखि विश्वविख्यात चर्चहरुको निर्माण यहाँ सुरु भएको थियो जस्मा सान मिनियातो दि मोन्तेको वासिलिका पर्दछ । १५ औं शताब्दिमा आएर यसै सहरमा विश्वविख्यात मुर्तिकार, चित्रकार माइकेलाञ्जेलो, लियोनार्दो दा भिन्सी र संगितज्ञ वोतिचेल्लीको अभ्युदय भयो ।

## फ्लोरेन्सको डुओमो

फ्लोरेन्स सहरको मुटुमा रहेको सान्ता मारिया देल फिओरेको काथेड्रललाई छोटकरीमा फ्लोरन्सको डुओमो भनिन्छ । यस डुओमोको प्राचीन अवशेष इशाका ५औं शताब्दिमा भएको भेटिए तापनि गोथिक शैलीमा बनेको यो डुओमो सन् १२९६ मा बन्न शुरु भएको थियो र १४३६ मा यसको निर्माण कार्य सम्पन्न भएको थियो । यस डुओमोको डिजाइन फिलिपो ब्रुनेल्लेस्कीले तयार गरेका थिए । डुओमो स्क्वायरमा भएका डुओमो, वाप्टिस्टेरी र घण्टाघर गरी तिनवटै संरचना युनेस्को विश्वसम्पदा सूचीमा परेका छन् भने यो डुओमो संसारकै सबैभन्दा ठूलो इटले बनेको डोम हो । यस डुओमो भित्रको विश्वविख्यात कलाकृति तथा पेन्टिङ सन् १३६० मा आन्द्रेआ दि वोनाइउतोले गरेका थिए । उनले यो डुओमोभित्र गरेको पेन्टिङ पुनर्जागरणकालको नै एकमात्र उदाहरणीय पेन्टिङ बन्न पुगेको थियो ।

## उफिच्जी ग्यालेरी

यो फ्लोरेन्स सहरको ऐतिहासिक केन्द्रमा रहेको विश्व प्रसिद्ध आर्ट म्युजियम हो । यहाँ इटालियन पुनर्जागरणकालका बहुमूल्य कलाकृतिहरु संरक्षण गरिएका छन् । मेदिची वंशको अन्त्यसँगै यस वंशले संग्रह गरेका बहुमूल्य कलाहरु पनि यहाँ राखिएका छन् । ग्यालेरीको रुपमा १७६५ देखि सार्वजिनक रुपमा खुला गरिएको यो ग्यालेरीले १८६५ देखि म्युजियमको रुप पाएको थियो ।

## पिआच्जाले मिखेलाञ्जेलो

यो स्क्वायरको डिजाइन जुसेप्पे पोज्जीले गरे अनुसारको यसको निर्माण कार्य सन् १८६९ मा सकिएको थियो । फ्लोरेन्स सहरको दक्षिणमा अवस्थित डाँडाको टुप्पामा बनेको यो स्क्वायर आर्नोल नदीकै किनारमा भेटिन्छ जहाँबाट पुरै फ्लोरेन्स सहरको दृश्यावलोकन गर्न सकिन्छ ।

यस स्क्वायर विश्वविश्यात हुनुको पछाडि यस स्क्वायरमा राखिएको माइकेलेञ्जेलोले पुनर्जागरणकालमा बनाएको सबैभन्दा उत्कृष्ट डाभिडको नांगो मूर्ति भएको कारणले पनि हो । पहिले यो मूर्ति सान लोरेन्ज्चोको मेदिचि सापलमा राखिएको थियो । पछि १८७३ मा यस मूर्तिलाई यस स्क्वायरमा सारिएको थियो ।

स्वस्थ पत्रकारिताको विकास स्वतन्त्र र हक अधिकारको जगेर्ना, राष्ट्रिय सर्वमान्य प्रचलन र मान्यतालाई समायोजन गर्दै अगाडि बढनु आजको अपरिहार्य आवश्यकता हो ।

नेपाल सरकार
सूचना तथा सञ्चार मन्त्रालय
सूचना विभाग

आधा आकाश

■ चेतन अधिकारी

# भ्रुणहत्या : महिलाको जनसङ्ख्या सीमान्तकृत हुने खतरा

**अहिलेकै अवस्थाको लिङ्ग पहिचान गरेर भ्रुणहत्या गर्ने प्रचलनलाई छोडिदिने हो भने कुनै बेला नेपाल पुरूषैपुरूषको देश हुने सम्भावनालाई नकार्न सकिँदैन**

वि.सं. २०६८ सालको जनगणनाअनुसार नेपालमा हरेक सयजना महिलामा पुरुषको सङ्ख्या ९४ जना मात्र छ। नेपालका हरेकजसो जनगणनाले पुरुषको भन्दा महिलाको जनसङ्ख्या बढी देखाएको छ। पछिल्लो जनगणना २०६८ मा पनि महिलाको जनसङ्ख्या ५२ प्रतिशत छ।

तर, यसको ठीक विपरीत दृश्य के छ भने नेपालमा छोरीको भन्दा छोराहरूको धेरै जन्म हुने गरेको छ । जस्तो कि गत आर्थिक वर्षमा महाकाली अञ्चल अस्पतालमा सयजना छोरीको जन्म हुँदा १३० जना छोरा जन्मिएका छन् । छोरा र छोरीको जन्ममा यति ठूलो अन्तर हुनु भनेको लिङ्ग पहिचान गरेर भ्रुणहत्या गर्ने प्रचलन हो । जुन कानुनविपरीत छ ।

छोराको चाहनामा लिङ्ग पहिचान गरेर भ्रुणहत्या गर्नु गर्भमै छँदा छोरीमाथि गरिने विभेद भएको संसद्को महिला, बालबालिका तथा समाजकल्याण समितिकी सभापति रञ्जु झा बताउँछिन् । 'कानुनले कस्तो गर्भपतन गर्ने, कस्तो नगर्ने भनेर किटान गरिदिएको छ । गर्भको भिडियो एक्स-रे गर्दा पनि लिङ्गको जानकारी कसैलाई दिनुहुँदैन भनेर आचारसंहितामा नै उल्लेख गरिएको छ,' झा भन्छिन्, 'यहाँ तीनवटा पक्षको मिलेमतोमा छोरीको भ्रुणहत्या भइरहेको हुन्छ । हत्या गर्ने नियतले एक्स-रे गराउने, एक्स-रेबाट लिङ्ग पहिचान गरिदिने स्वास्थ्यकर्मी र गर्भपतन गरिदिने स्वास्थ्यकर्मी ।' झाको भनाइमा धेरै आमा आफ्नै खुसीले भ्रुणहत्या गराउन चाहँदैनन् ।

श्रीमान् वा परिवारका अन्य सदस्यको दबाबमा उनीहरू कानुनविपरीत ज्यानै जोखिममा राखेर भ्रुणहत्या गर्न बाध्य छन्। भक्तपुर अस्पतालकी गाइनोकोलोजिस्ट डा. जमुना पौडेलका अनुसार उनीसँग गर्भपतन गराइदिनुपर्‍यो भन्दै आउनेहरू अधिकांश अन्यत्रका क्लिनिकमा भ्रुण पहिचान गरेर आएका हुन्छन् । पौडेलले भनिन्, 'हामीकहाँ गर्भपतन गराइदिनुपर्‍यो भनेर आउँछन् । कानुनी समयभित्रको गर्भपतन गराइदिन्छौँ । जानेबेलामा उहाँहरूको हाउभाउबाट थाहा हुन्छ कि यो लिङ्ग पहिचान गरेर छोरी भएका कारण भ्रुणहत्या गरिएको हो ।'

विकास र प्रविधिले लिङ्ग पहिचान गर्न सजिलो भएपछि समाजमा छोरीको जन्म पनि घट्दै गएको हो । छोरीको जन्म गाउँमा भन्दा सहरमा घटिरहेको छ । यसको अर्थ लिङ्ग पहिचान गरेर भ्रुणहत्या गर्ने क्रम सहरमा धेरै छ । ०६८ को जनगणनाले सहरी क्षेत्रमा सयजना छोरी जन्मँदा एक सय १२ जना छोरा जन्मने गरेको तथ्याङ्क सार्वजनिक हुनुले यही कुराको पुष्टि गरेको छ । यस कुराको पुष्टि गर्दै डा. पौडेल भन्छिन्, 'गाउँका अशिक्षितभन्दा सहरका शिक्षित र उच्च ओहोदाका मानिस भ्रुण पहिचान गरेर गर्भपतन गर्न आउँछन् । यसरी आउने मान्छेको प्रोफाइल देख्दा कहिलेकाहीँ अचम्मै लाग्छ ।' उनका अनुसार गर्भपतन गराउन आउनेमध्ये केही महिला आफ्नै चाहनाले आएका हुन्छन् भने केही श्रीमान्, सासू र परिवारका अन्य सदस्यको करकापमा परेर आउँछन् । यसरी गर्भपतन गर्ने डाक्टर, गराउने महिला, गर्न दबाब दिने व्यक्तिलाई कारबाही नगरिएकाले यो क्रम बढेको डा. पौडेलको भनाइ छ ।

भुवनेश्वरी मावि सूर्यविनायक- ९ भक्तपुरकी शिक्षक सुनिता देउजा अधिकांश दम्पतीको पहिलो सन्तान छोरी भएमा गर्भपतन त्यहीँबाट सुरु हुने बताउँछिन् । पहिलो सन्तान छोरी भएमा त्यसपछिको गर्भको लिङ्ग परीक्षण गर्ने र छोरी देखिएमा गर्भपतन गर्ने संस्कृतिजस्तै भइसकेको देउजाको भनाइ छ । यातायात, सञ्चार र प्रविधिको विस्तारले छोरी भ्रुणहत्या गर्ने क्रम गाउँगाउँसम्म फैलिएको उनको तर्क छ । उनी भन्छिन्, 'यस्तो अपराध रोक्नका लागि जनचेतनाको विस्तार र ग्रामीण क्षेत्रमा अभिमुखीकरण कार्यक्रम आवश्यक छ ।

छोरीको भ्रुणहत्या गर्ने, गराउने र दबाब दिनेहरूलाई कारबाही नहुनाले पनि भ्रुणहत्या गर्ने क्रम बढेको हो । शिक्षितहरूले गर्नुहुँदैन भन्ने थाहा पाएरै पनि छोरी भ्रुणको हत्या गरिरहेका हुन्छन् । गाउँमा त बढी सन्तान भए पनि जन्माउँछन्, तर सहरमा भ्रुणहत्या नै गर्ने चलन बढेको छ ।' देउजाको भनाइमा छोरीको सङ्ख्या समाजमा घट्दै गएपछि भोलि समाजमा छोरीको जनसङ्ख्या घट्ने र त्यसबाट महिला हिंसाको अरू रूपहरू प्रकट हुने सम्भावना हुन्छ ।

मुलुकी ऐन २०२० को बाह्रौं संशोधनको महल नं. १० ले 'कसैले गर्भवती महिलालाई करकाप, धम्की, ललाइफकाई वा प्रलोभनमा पारी गर्भपतन गराउनुहुँदैन भनेको छ । यसरी गर्भपतन गराएमा समयअनुसार एक वर्षदेखि पाँच वर्षसम्मको कैदको व्यवस्था गरेको छ । तर, गर्भवतीको मञ्जुरीले बाह्र हप्तासम्मको गर्भपतन गर्नुलाई कानुनी मानेको छ ।' मुलुकी ऐनको यही महलमा कसैले गर्भपतन गराउने उद्देश्यले गर्भमा रहेको भ्रुणको लिङ्ग पहिचान हुने कुनै काम गर्नु/गराउनु हुँदैन । त्यस्तो काम गर्नेलाई तीन महिनादेखि ६ महिनासम्म कैद हुने व्यवस्था गरेको छ । यसैगरी लिङ्ग पहिचान गरी गर्भपतन गराउनेलाई ६ महिनादेखि दुई वर्षसम्म कैद हुने व्यवस्था गरेको छ । डा. पौडेल भन्छिन्, 'कानुनमा जेसुकै लेखिए पनि न भिडियो एक्स-रे गरेर लिङ्ग पहिचान गर्नेलाई कारबाही भएको छ, न डाक्टरलाई वा गर्भपतन गराउने महिलालाई । कानुनको पालना नहुँदा स्त्री भ्रुणहत्या गर्ने क्रम बढी नै रहेको छ ।'

गर्भबाटै सुरु भएको यो लैङ्गिक विभेदले देशको भविष्यको जनसाङ्ख्यिक स्थितिलाई नकारात्मक असर गर्ने समाजशास्त्रीहरू बताउँछन् । समाजमा छोरा र छोरीको सङ्ख्या करिबकरिब बराबरको सङ्ख्यामा हुनुपर्छ । तर, जब छोराको सङ्ख्या बढ्दै जान्छ र छोरीको घट्दै जान्छ यसले व्यापक सामाजिक असन्तुलन निम्त्याउने नेपाल जनसङ्ख्या सङ्घ (पान)का अध्यक्ष सहप्राध्यापक डा. केशवप्रसाद अधिकारीले बताए ।

'नेपालमा लिङ्ग पहिचान गरेर छोरीको भ्रुणहत्या नरोक्ने हो भने केही दशकपछि महिलाको जनसङ्ख्या सीमान्तकृत हुन सुरु गर्छ,' अधिकारी भन्छन्, 'यसले निम्त्याउने सामाजिक असर अनगिन्ती छन् । त्यसमध्ये पनि यो अवस्थाले प्रथमतः महिला हिंसालाई बढाउँछ ।'

केन्द्रीय बालकल्याण समितिका निर्देशक तारक धितालले 'लिङ्ग छनोटपछिको गर्भपतन' शीर्षकको एक कार्यपत्रमा उल्लेख गरेअनुसार छोरी भएकै कारण भ्रुणहत्या गर्ने प्रचलनले प्राकृतिक लैङ्गिक असन्तुलन बढ्दै जान्छ । जसले गर्दा महिला जनसाङ्ख्यिक रूपमा समेत सीमान्तकृत हुन्छन् । धिताल आफ्नो कार्यपत्रमा लेख्छन्, 'यसले गर्दा महिलामाथि हिंसा, यौनशोषण, बेचबिखनजस्ता अपराध कार्यमा वृद्धि हुन्छ । त्यति मात्र होइन, यसले महिलालाई विभेद नै गर्नुपर्छ भन्ने सामाजिक मान्यता स्थापित गराउने जोखिम हुन्छ ।' लिङ्ग छनोट गरेर गर्भपतन गराउने चलनले बारम्बार गर्भधारण गर्नुपर्ने बाध्यता महिलालाई हुन्छ । जसले गर्दा महिलाको प्रजनन स्वास्थ्य कमजोर हुने, मातृमृत्युदरको सम्भावना बढ्ने महिलाको स्वास्थ्यका अन्य पक्ष पनि कमजोर हुने देखिन्छ ।


वैज्ञानिक अध्ययन-अनुसन्धानअनुसार प्राकृतिक रूपले बच्चा जन्मन दिने हो भने सयजना छोरी जन्मँदा १०५ देखि १०७ जनासम्म छोरा जन्मन्छन् । तर, नेपालमा प्राकृतिक क्रम टुटेर छोराको जन्मने दर उच्च रहेको देखिन्छ। स्वास्थ्य सेवा विभागको अघिल्लो वर्षको तथ्याङ्कअनुसार जिल्ला अस्पताल कास्कीमा सय छोरी जन्मँदा ११६ जना छोरा जन्मिएका छन् । भरतपुर अस्पताल चितवनमा सय छोरी जन्मँदा १२० जना छोरा जन्मिएका छन् भने महाकाली अञ्चल अस्पतालमा त सय छोरी जन्मँदा १३० जना छोरा जन्मिएका छन् ।

पानका अध्यक्ष डा. अधिकारीका अनुसार चीन, भारतलगायतका देशमा पनि भ्रुणहत्याको क्रम बढेर महिलाको सङ्ख्या कम भएर त्यसले सामाजिक रूपमा त्यसका असरहरू देखिन थालेकाले उनीहरू कानुनमा पुनरावलोकन गर्ने अवस्थामा पुगेका छन् । लिङ्ग पहिचान गरेर छोरीको भ्रुणहत्या गर्ने चलनले भविष्यमा विवाह गर्न केटी नपाइने र बहुपति प्रथाजस्ता कुंसस्कार पछ्याउनुपर्ने अवस्था सिर्जना हुन सक्छ। यो क्रम रोक्नलाई सरकारले विद्यमान कानुनलाई कडाइपूर्वक लागू गर्नुपर्ने, अस्पताल र क्लिनिकहरूले आचारसंहिताको पूर्ण रूपमा पालना गर्नुपर्ने हुन्छ। 'अहिलेकै अवस्थाको लिङ्ग पहिचान गरेर भ्रुणहत्या गर्ने प्रचलनलाई छोडिदिने हो भने कुनै वेला नेपाल पुरुषैपुरुषको देश हुने सम्भावनालाई नकार्न सकिँदैन,' अधिकारी थप्छन्, 'प्राकृतिक रूपले महिला-पुरुषको सङ्ख्या बराबर हुँदा मात्र समाजका मूल्य-मान्यता सन्तुलित अवस्थामा चलेका हुन्छन् । अन्यथा हाम्रा सामाजिक मूल्य-मान्यता पनि भत्कने खतरा हुन्छ ।'

*(संचारिका फिचर सेवा)*

बांगा कविता

## जंगलमा शेर



● प्रेम ओली
(ढकलपुरे)

वर्षा भयो
बाढी आयो
खोलाहरु मौलाए
नदीहरु बौलाए
सारा तराई बाढीमा बुरिराछ
तर गजबको कुरो
नजिकैको जंगलमा शेर मस्तले
घुरिराछ ।

चट्याङ पर्‍यो
पहाडै झर्‍यो
गाईबस्तु मान्छे मर्‍यो
अझै पहिरोले गाउँ पुरिराछ
अचम्मै भयो गाँठे !
नजिकैको जंगलमा शेर घुरिराछ ।

घर बगायो
बस्ती डुबायो
मान्छेलाई धुरु धुरु रुवायो
कोही खान नपाई मरिराछ

पानी पानीले घेरिँदा पनि
मान्छे पानीकै लागि कुरिराछ
गजबको कुरो त गाँठे !
यत्रो तवाही हुँदा पनि
जंगलमा शेर मस्तले घुरिराछ ।

सरकारको मुख ताक्यो भने
भूकम्पपीडित जस्तै परिएला
गर्ने हनुमान यहाँ
पगरी लाउने ढेडु ठरिएला
शेर जागे पनि न जागे पनि
अब हामी तपाईं जाग्नु पर्छ
यो पहाड तराईको घाउमा
मलम लाउन, चाँडै लाग्नुपर्छ ।

# लोकसेवा आयोगको भूमिका

■ **लक्ष्मीविलास कोइराला**

नेपालको निजामती प्रशासनको इतिहास मूल्याकंन गर्दा तत्कालिन शासक राजाहरू मुखको भरमा सरकारी कर्मचारीको नियुक्ति र पजनी गर्ने गर्दथे । सरकारी सेवामा तोक आदेशको भरमा कर्मचारी नियुक्त गर्दै आएको जहानीया निरंकुस राणा शासनमा पनि योग्य उम्मेदवारको योग्यता परीक्षण गरेर मात्र निजामती सेवामा योग्य र सक्षम कर्मचारी राख्नु पर्दछ भन्ने ज्ञान आएपछि नेपालको वैधानिक कानून २००४ मा मुलुकभर सवै ठाउँमा योग्य कर्मचारीहरू भर्ना हुन भनी एक दरखास्त परिषद खडा गरि नियमबमोजिम सरकारी नोकरीका लागि उम्मेदवारहरूको दरखास्त लिन र परिषद्ले उनीहरूको योग्यता वा ल्याकत जाँचबुझ गरी नियुक्तिका लागि सरकारमा सिफारिस पेश गर्ने व्यवस्था गरिएको थियो । नेपालमा वनेका र कार्यान्वयन भएका सवै संविधानहरूले लोकसेवा आयेगलाई उच्च स्थान दिएका थिए । लोक सेवा आयोग २००८ साल असार १ गते स्थापना भएको हो । असार १ गते लाई आयोगले "लोक सेवा दिवस" को रूपमा वार्षिकोत्सव मनाउदै आएकोछ ।

यसकारण सरकारी सेवाका लागि योग्यता प्रणालीको आधारमा योग्य उम्मेदवारको खुवी परीक्षण गर्नु पर्दछ भन्ने आवश्यक पर्ने स्पष्ट हुन्छ । योग्य सरकारी कर्मचारीको आवश्यकता जहिले पनि हुन्छ र त्यस्ता उम्मेदवारको ल्याकतको परीक्षण योग्यता प्रणालीमा आधारित भएर मात्र गर्नुपर्दछ । यद्यपि, पञ्चायत कालमा लोक सेवा आयोगलाइ निलम्वन गरेर सरकारले कर्मचारी नियुक्तिमा मनोमानी गरेको थियो । नेपालको संविधान (२०७२) मा पनि लोकसेवा आयोगलाई निजामती सेवा वाहेक अन्य सरकारी सेवा (सुरक्षा निकाय र संगठित संस्था) हरूको लागि लिखित परीक्षा सञ्चालन गर्ने थप जिम्मेवारी दिएको छ । संविधानअनुसार निजामती सेवाको पदमा नियुक्तिका लागि उपयुक्त उम्मेदवार छनौट गर्न परीक्षा सञ्चालन गर्नु लोक सेवा आयोगको कर्तव्य हुने व्यवस्था रहेकोछ । साथै आयोगले निजामती कर्मचारी सेवा शर्त र सुविधा तथा कर्मचारी माथि हुन सक्ने विभागीय कारवाही संवन्धमा परामर्श दिने जिम्मेवारी पनि लोकसेवा आयोगको छ ।

प्रशासन हाम्रा मान्छेहरूले चल्दैन । प्रशासन चलाउन राम्रा मान्छे चाहिन्छ र त्यस्ता राम्रा सक्षम मान्छेहरू निष्पक्ष र मेरिटमा आधारित भई लोक सेवा आयोगले छनौट गर्नु पर्दछ भन्ने मान्यताका कारण लोक सेवा आयोगको महत्व वढदै गएकोछ । वार्षिक कार्यतालिका वनाउने र सो कार्यतालिकाअनुरूप कार्य निष्पक्षतासाथ सम्पादन गर्ने र सो कार्यको जनताले उच्च मूल्यांकन गरि लोक सेवा आयोगप्रति जनताको अगाध विश्वास रहेको स्पष्ट नै छ । लोक सेवा आयोगले नेपाली समाजमा शीर उँचो राख्न सकेको छ र सर्वसाधारण जनताले आयोगलाई पत्याएका छन् । यसकारण लोक सेवा आयोग एक सफल संवैधानिक निकाय हो । आयोगको गरिमालाई चीरकालसम्म उच्च राख्न आयोग सदैव प्रतिवद्ध, सचेत र क्रियाशील एवं रहिरहनु पर्दछ प्रदेश लोक सेवा आयोगको पथपर्दशक हुनु पनि पर्दछ ।

# दाइजो प्रथा मधेशको विकृति

**सुरूची चौधरी**

दाइजो प्रथा धेरै पहिले देखि चल्दै आएको प्रथा हो । यो प्रथा मधेशमा व्याप्त रहँदै आएको छ । यो एउटा परम्परा नै भइसकेको छ । दाइजो प्रथा भनेको केटी पक्षले केटा पक्षलाइ विवाह भन्दा पहिला दिनुपर्ने पैसा, घरका सामानहरू अनि त्यसमा पनि जे पुरूषको घरबाट माग्दछन् त्यो दिनुलाई दाइजो भनिन्छ । दाइजो लिईसकेपछि मात्र बुहारी भित्र्याउने परम्परा मधेशका जिल्लाहरूमा रहेको छ ।

दाइजोको कारणले नै अहिलेसम्म हजारौंभन्दा बढी महिलाहरूले आत्महत्या गरिसकेका छन् भने अन्य विभिन्न घटनाहरूपनि देख्न सकिन्छ । कुटपिट, आगलागी, बलात्कार जस्ता घटनाहरू महिलाहरू माथि दाइजो कै कारणले हुने गर्दछ यसमा महिलाको खासै दोष नरहेपनि दाइजो कै विषयलाई लिएर महिलाहरूलाई यातना दिने गरिन्छ । शिक्षित परिवारकै व्यक्तिहरूले बढी दाइजोको माग गर्ने हुँदा मधेशी समाजमा दाइजोको प्रभाव अझ बढ्दै गइरहेको छ ।

कुनै परिवारमा छोरीको जन्म भयो भने उसको बाबाआमालाई छोरीलाई कसरी पढौं भन्दापनि कसरी विवाह खर्च जुटाऔं भन्ने चिन्ता बढी हुन्छ । जो गरिब हुन्छ उसलाई यो दाइजोको विषयले भित्रभित्र सताईरहेको हुन्छ । छोरीको विवाहकै लागि भनेर गरिबहरूले धनी व्यक्तिहरूसँग ऋण लिएको हुन्छ त्यो ऋण तिर्न नसक्दा कति व्यक्तिहरूको घरजग्गा लिलाम हुन्छ भने कति व्यक्तिहरूलाई विदेश गएर काम गर्नुपर्ने बाध्यता रहेको हुन्छ । धेरै छोरीहरूलाई दाइजो दिन सकिदैंन भनेर सानै उमेरमा स्कुल पठाउनुको साटो विवाह गरेर पठाइदिने प्रचलन रहेको छ । विवाह भएर गईसकेपछि पनि केटाको पक्षले मैले यस्तो मागेको थिए दाइजोमा तर तिमो परिवारले दिन सकेन भनेर आफ्नै श्रीमतीलाई यातना दिने गर्दछ । गरीब परिवारसँग दाइजो लिएर पनि सधैं पुरूष वा उसको परिवार समाजमा शिर ठाडृ बनाएर हिड्न सक्छ तर महिला र उसको परिवारले कसरी पनि आफुखुसी हिड्न पाउँदैनन् ।

मैले धेरै पुरूषहरूलाई दाइजो प्रथाको बारेमा प्रश्न गरेको थिए उनीहरूको उत्तरमा महिलाको पनि आफ्नो आमाबुबाको सम्पत्तिमा ५०% हक हुन्छ त्यही सम्पतिबाट दाइजो दिने त हो भन्छन् के महिलालाई स्वतन्त्रताले बाँच्ने हक छैन ।

यो समस्याको समाधानको लागि सबैभन्दा पहिले कडा कानुन बनाउनु पर्छ तर कानुन बनाएर मात्र हुँदैन त्यसको कार्यान्वयनका लागि विशेष पहल गर्नुपर्छ । छोरीलाई दाइजो होइन शिक्षा दिऊ भनेर चेतना फैलाउनु सक्नुपर्छ । पहिलेको तुलनामा अहिले दाइजो लिने र दिने प्रथामा केही कमी त भएको छ तर यो प्रथा निमूर्ल भइसकेको छैन । मधेशी महिलाहरूले आफ्नो शिक्षाको बारेमा सोच्न सकोस् र स्वतन्त्रतापूर्वक बाँच्न सकोस् । मधेशी महिला मिलेर अठोट गर्ने हो भने दाइजो प्रथा हटाउन सकिन्छ ।

यो दाइजो प्रथाले गर्दा मधेशी समाजको मानसिकता नै बदलिसकेको छ । दाइजो धेरै पाउने लोभमा छोरालाई डाक्टर, इन्जिनियर, पाइलट तथा उच्चस्तरको शिक्षा दिने तर छोरीलाई शिक्षा नदिई सानै उमेरमा विवाह गरिदिने चलन रहेको छ ।

केटा पक्षले जति धेरै पढेको हुन्छ त्यति नै धेरै दाईजो माग गर्ने गरेको पनि पाइन्छ , केटीहरूलाई बिचमै पढाई छोड्न लगाएर विवाह गराईदिने गरिन्छ यसले गर्दा महिलाहरूको पढाई बिचमै रोकिनुको साथै उनीहरूले परिवारमा आर्थिक किसिमबाट कुनै सहयोग गर्न नसक्ने हुनाले सधैं अरूको अधिनमा बस्नुपर्ने हुन्छ । कतिपय परिवारमा दाइजोकै कारण मनमुटाव हुनुको साथै सम्बन्ध विच्छेद पनि भएर बहुविवाह पनि गर्ने गरेको पाईन्छ । मधेशी समाजमा धेरै पहिलेदेखि चलिआएको यो कु-संस्कृति गर्दा हाम्रा धेरै दिदी बहिनीहरू मृत्युको मुखमा पुग्न बाध्य भएका छन् ।

यसैले आउने दिनहरूमा अरू चेलिबेटीहरूको जीवनमा खुसी ल्याउन यो प्रथा सबै नेपाली हरू एकसाथ मिलेर हटाउनुपर्दछ । दाइजो प्रथाको विरोधमा कडा कानुनी नियमहरू बनाई कार्यान्वयन गर्नुपर्दछ । महिला पुरूष एक हुन् भन्ने भावना सबैमा हुनुपर्दछ । जुनदिनसम्म हरेक सासुले आफु एकदिन बुहारी भएको महसुस गर्दैन र हरेक आमाले बुहारीलाईं आफ्नै छोरीको रूपमा अपनाउँदैनन् । त्यो दिनसम्म यो प्रथा हट्दैन । सायद हामी सबैको यही प्रयास नै कैयौं परिवार तथा चेलीबेटीहरूको मुहारमा मुस्कान बन्नसक्छ । विवाह जस्तो पवित्र संस्कारलाई दाइजो प्रथाले अपवित्र बनाइ दिएको छ । छोरीलाई आमाबुबाले बोझको रूपमा लिने गरेका छन् भने दाइजोबाट उत्पन्न हुने समस्यालाई हेरेर छोरीको जन्मलाई नै दुभार्ग्यको संज्ञा दिन थालिएको छ ।

दाइजो प्रथाकै कारण छोरीहरू आमाबुबाको लागि बोझ बनिसकेका छन् र छोरीहरूलाई गर्भमै हत्या गर्न थालेका छन् । यदि यो समस्यालाई गहिरिएर सोच्ने हो भने दाइजो कुनै आवश्यकता नै छैन । आजको समयमा कानुनले पनि महिलाहरूलाई पुरूष सरह अधिकार दिएका छन् । बुबाको सम्पत्तिमा पनि छोरीको हक लाग्ने भइसकेको छ । महिलाहरूले पनि पुरूषले सरह अवसर र सुविधा पाएमा सक्षम व्यक्ति बन्न सक्छन् यो कुरालाई हामी सबैले सुनेको, देखेको र भोगेका छौं ।

यो प्रथाले मधेशका गरिब परिवारलाई धेरै आक्रान्त बनाएको छ । दाइजो कम भयो भनेर नै कतिपय बेहुलाहरू मण्डपबाट नै फर्कने गरेको विवाह गरेर लगेको बेहुलीलाई शारिरीक, मानसिक यातना दिने लगायत अन्य विभिन्न यातनाहरू दिने गरेका छन् । यो कहालीलाग्दो स्थितीलाई जतिसक्दो छिट्टो अन्त्य गर्न जरूरी छ । सबै महिलाहरू एकजुट भएर यो प्रथाको विरोधमा उत्रने हो भने एकदिन अवश्य यो प्रथा हटेर जाने छ । दाइजो दिने वा लिने दुवैलाई दण्ड सजाँयको व्यवस्था गर्नुपर्दछ ।

Load-shedding No Problem
Solar-hybrid inverts are now available with heavy discount
Upto 15KVA
With 24 months Warranty
Sales & services of:
Laptop, Desktop, Printer & Fax, EPABX & Fittings, Inverter & Online UPS, Exide Batteries, Securities & Door Locks, CCTV Camera & Fittings, Biometric Devices & Fittings, Networking & Accessories etc.
B N COMPUTERS INTERNATIONAL
P. O. Box: 10904, New Plaza,Kathmandu, Nepal.
Tel.: 977-1-4444531, 4444532, Fax: 4444532
Cell: 977-9851051003, 9808869062
E-mail: E-mail: crossweb@wlink.com.np,

दाँते सोसाइटी नेपाल
नयाँ बानेश्वरमा इटालियन, अंग्रेजी र जर्मन भाषा सिकी आत्मनिर्भर बनौं ।
फोन : ९८५१०२३६७०, ४४४१८१२

Remember us for the Construction of Private and Public Works
EWES East West Engineering Service Pvt. Ltd.
Consulting Architects, Engineers & Planners
GPO box no : - 8621, Kathmandu Nepal
Phone : +977-1- 4373316 , Fax- 4650203
Website: http://www .ewesnepal .com ä®:
E-mail: info@ewesnepal .com , hbgewe@gmail .com

SOS MANPOWER SERVICE (P) LTD.
www.sosmanpower.org
विश्वसनीय र भरपर्दो वैदेशिक रोजगारक लागि हामीलाई सम्झनुहोस्
ISO 9001 JAS-ANZ
Handphone : 9851024628
G.P.O. Box : 3565, Dhapasi, Kathmandu, Labour Dept. Lic. No. : 80/052/53
Tel : 01 4365986 Fax : 01 4365985, Email : sosierra@wlink.com.np

# कोरिया-अमेरिका तनाव कायमै



विष्णु भट्टराई

उत्तर कोरियाले यसै मध्य अगस्टमा अमेरिकी नियन्त्रणमा रहेको प्रशान्त क्षेत्रको गुआम द्वीपनजिकै चारवटा मिसाइल प्रहार गर्ने योजना रहेको बताएको छ । उत्तर कोरियाली सरकारी समाचार एजेन्सी केसीएनएले सेना प्रमुख किम राक ग्योमलाई उद्धृत गर्दै ह्वासङ-१२ रकेट जापान र अमेरिकी नियन्त्रणमा रहेको गुआमको ३० किलोमिटरनजिकै पुग्नेगरी लन्च गर्नका लागि नेता किम जोङ-उनले स्वीकृति दिइसकेको जनाएको छ । अमेरिकाले उत्तर कोरियामाथि सोच्दै नसोचेको भयानक आक्रमण गर्ने धम्की दिएलगत्तै उत्तर कोरियाले चारवटा मिसाइल आक्रमण गर्ने तयारी रहेको बताएको हो । अमेरिकाले उत्तर कोरियाले मिसाइल प्रहार गरेमा किम जोङ-उनको शासन सत्ताको अन्त्य हुने र ठूलो जनधनको क्षति बेहोर्नुपर्ने अवस्था आउने चेतावनी दिएको थियो ।

कुनै पनि अमेरिकी भूभागमाथिको आक्रमण उत्तर कोरियाका लागि आगोमा खेल्नुसरह हुने उनको भनाइ थियो । बिहीबारमात्रै मध्य अगस्टसम्म गुआमनजिकको पानीमा उत्तर कोरियाली मिसाइल प्रहार गर्ने योजना सार्वजनिक भएलगत्तै गभर्नर इड्डाई काल्भोले उत्तर कोरियाली नेतालाई यस्तो चेतावनी दिएका हुन् । केही गुआमवासीले भने उत्तर कोरियाले आक्रमण गर्ने अवस्थामा आफूहरूलाई बचाउन अमेरिकी सेना सक्षम हुने विश्वास व्यक्त गरेका छन् भने केहीले त्यहाँ आकस्मिक रूपमा आक्रमण भएमा के गर्ने भन्ने बारेमा समेत छलफल गरेको अल जजिराले जनाएको छ ।

गुआमका स्थानीयवासी केट क्विमबाओले भनिन्, 'वास्तममा नै यो डरलाग्दो अवस्था हो । हामी कहाँ जाने र कसरी सुरक्षित हुने भन्ने बारेमा म मेरो परिवारसँग सल्लाह पनि गरिरहेकी छु ।' करिब १ लाख ६३ हजार जनसंख्या रहेको सो टापुमा अमेरिकी एयरबेससहित ६ हजारभन्दा बढी अमेरिकी सैनिक कार्यरत रहेका छन् ।

उत्तर कोरियाले बिहीवार मात्रै गुआममाथि मिसाइल प्रहारबारे योजना बनाइरहेको खबर सार्वजनिक भएपछि झनै खतरा उत्पन्न भएको संकेत गरेको छ । सरकारी समाचार एजेन्सी केसीएनएले सैनिक भनाइलाई उद्धृत गर्दै मिसाइल प्रहारको योजना तयार भएको र नेता किम जोङ-उनसमक्ष पुगेको जनाएको छ । कोरियाली सेनाले परीक्षण गर्ने ह्वासौङ-१२ जापानको सिमाने, हिरोसिमा र कोचीमाथिबाट गुआम द्वीप क्षेत्रमा जाने केसीएनएले सैनिक प्रमुख किम राक-ग्योनले जनाएको उल्लेख गरेको छ । ती मिसाइल १ हजार ६५ सेकेन्डमा ३ हजार ३ सय ५६ किलोमिटर लामो दूरी पार गरी गुआमको ३०/४० किलोमिटरनजिक समुद्रमा खस्नेछन् । ह्वासङ मिसाइल उत्तर कोरियामा निर्माण भएको मध्यम र लामो दूरीमा प्रहार गर्न सकिने हतियार हो । उत्तर कोरियाले पछिल्लो समयमा अमेरिकी क्षेत्रमा नै आक्रमणको धम्की दिएपछि त्यस क्षेत्रमा अर्को तनाव उत्पन्न भएको छ ।

यसैबीच उत्तर कोरियाको राजधानी प्योङयाङस्थित किम इल सङ स्क्वायरमा उत्तर कोरियाली नागरिकले अमेरिकी धम्कीको विरोध गर्दै विशाल प्रदर्शन गरेका छन् । सो प्रदर्शनमा उत्तर कोरियाका वरिष्ठ अधिकारीहरू किम की नाम, चोए थाए बुक, री सु योङ, किम योङ देसहितको उपस्थिति रहेको थियो । सेतो पोसाकमा उपस्थित भएका उनीहरूले उत्तर कोरियामाथि अमेरिकाले दिएको धम्की र प्रतिबन्धको विरोध गर्दै कोरियाली झन्डा र नेता किम इल सङको तस्विरसमेत लिएर प्रदर्शन गरेका हुन् । सो प्रदर्शनमा उत्तर कोरियाका विद्यार्थी र युवाहरूको बाक्लो उपस्थिति रहेको थियो ।

दक्षिण कोरियाले उत्तर कोरियाका तर्फबाट कुनै आणविक परीक्षणलगायतका अन्य कुनै शंकास्पद क्रियाकलाप सीमा क्षेत्रमा नभेटिएको जनाएको छ । पछिल्लो समयमा उत्तर कोरियाले फेरि पनि अर्को आणविक क्षेप्यास्त्र परीक्षण गर्न सक्ने भन्दै सीमा क्षेत्रमा दक्षिणले निगरानी गरिरहेको जनाएको छ । दक्षिण कोरियाली सेनाले बिहीवार सोलमा आयोजित नियमित पत्रकार सम्मेलनमा भनेको छ, 'हामीले सीमा क्षेत्र र सामुद्रिक क्षेत्रमा पनि निगरानी गरेका छौं, उताबाट त्यस्तो कुनै उत्तेजक क्रियाकलाप भएको देखिँदैन ।'

सन् १९५० देखि १९५३ सम्म भएको कोरियाली युद्धको समयमा अलग भएका यी दुई देशबीच शत्रुतापूर्ण सम्बन्ध रहिआएको छ । यी दुवै देशका परिवारलाई समयसमयमा पुनर्मिलन गराउने कार्यक्रमअनुसार दक्षिणबाट प्रस्ताव आएको भए पनि उत्तरले मानेको छैन । सन् २०१५ को अक्टोबरपछि यी दुई देशबीच कुनै वार्ता र दुवै देशका तर्फबाट परिवारहरूको पुनर्मिलन भएको छैन । उत्तरले भने छानिएका व्यक्तिलाई मात्र एक वा दुई दिनसम्म आफन्तसँग बस्न दिने गरेको छ । कोरिया युद्धपछि उत्तर र दक्षिण कोरियाका रूपमा देश टुक्रिएका थिए । त्यसलगत्तै यी दुवै देशका ६० हजारभन्दा बढीको संख्याका नागरिक अलग भएर बसेका छन् । पछिल्लो समयमा कोरियाली प्रायद्वीपमा जारी रहेको तनाव कम गर्ने प्रयासस्वरूपन वार्ता र त्यसपछि पारिवारिक पुनर्मिलनको कार्यक्रम राखिएको भए पनि सो प्रस्तावको कुनै जवाफ उत्तरले दिएको छैन ।

उत्तर कोरियाले संयुक्त राष्ट्र संघ सुरक्षा परिषद्ले लगाएको नाकाबन्दीमा अमेरिका मुख्य दोषी रहेको भन्दै यसको मूल्य चुकाउनुपर्ने चेतावनी दिएको छ ।

उत्तर कोरियामाथि कडा नाकाबन्दी लगाउने प्रस्ताव सर्वसम्मतिले पारित गरेको थियो । उत्तर कोरियाली सरकारी सञ्चारमाध्यम केसीएनएले उत्तर कोरियामाथि लगाएको नाकाबन्दीलाई सम्प्रभुतामाथिको हस्तक्षेप भएको बताएको छ ।

उत्तर कोरियाले पछिल्ला केही वर्षदेखि आफ्नो परमाणु कार्यक्रमलाई निरन्तरता दिएको छ । जसका कारण कोरियाली प्रायद्वीपमा तनाव जारी छ । नयाँ प्रतिबन्धपछि पहिलोपटक जवाफ दिँदै उसले आफ्नो परमाणु कार्यक्रम जारी रहने र अमेरिकाबाहेक देशविरुद्ध प्रयोग नहुने बताएको थियो ।

केसीएनएले भनेको छ, 'उत्तर कोरियाले आफ्नो रक्षाका लागि चलाइरहेको परमाणु कार्यक्रममा कुनै सम्झौता गर्दैन ।' नयाँ प्रतिबन्धको कडा विरोध गर्दै उसले



अमेरिकाले आफ्नो अपराधको हजार गुणा बढी मूल्य चुकाउनुपर्ने चेतावनी दिएको हो ।

फिलिपिन्सको मनिलामा एक क्षेत्रीय सम्मेलनमा उत्तर कोरियाका प्रवक्ता बैक ब्वाङ ह्युकले भने, 'कोरियाली क्षेत्रको खराब अवस्था र परमाणु मुद्दाका लागि अमेरिका जिम्मेवार छ । हामी परमाणु ब्यालिस्टिक मिसाइल कार्यक्रममा सम्झौता गर्न र परमाणु निशस्त्रीकरणलाई बलियो बनाउनबाट एक कदम पनि पछि हट्दैनौं ।'

मनिलामा उत्तर कोरिया र दक्षिण कोरियाका विदेशमन्त्रीबीच संक्षिप्त कुराकानी भएको खबरलगत्तै उत्तर कोरियाको यो भनाइ बाहिर आएको हो ।

दक्षिण कोरियाली मिडियाका अनुसार मनिलामा भएको आसियन सम्मेलनमा आधिकारिक रात्रिभोजको समयमा विदेशमन्त्री गेंग ग्युंग ह्वाले उत्तर कोरियाली समकक्षी री योङ होसँग कुराकानी गरेका थिए ।

री योङ होले वार्ताको प्रस्तावलाई गम्भीरतापूर्वक नलिएको र त्यसलाई अस्वीकार गरेको दक्षिण कोरियाली अधिकारीको भनाइ छ । उत्तर कोरियाको सबैभन्दा नजिकको मित्रराष्ट्र चीनका विदेशमन्त्री वाङ यीले भने उत्तर कोरियाले दक्षिण कोरियाको सकारात्मक प्रस्तावलाई पूर्ण रूपमा खारेज नगरेको विश्वास व्यक्त गरेका छन् ।

उनले चीनले दक्षिण कोरियाको प्रस्तावको स्वागत गर्ने उल्लेख गर्दै राष्ट्र संघको नयाँ प्रतिबन्ध लागू गर्नका लागि शतप्रतिशत प्रतिबद्ध रहेको समेत बताएका छन् ।

अमेरिकी विदेशमन्त्री रेक्स टिलरसन पनि आसियान सम्मेलनमा सामेल थिए । उनले उत्तर कोरियाको परमाणु कार्यक्रमलाई रोक्नका लागि अन्तर्राष्ट्रिय समुदाय एकजुट भएको बताए ।

उत्तर कोरिया आफ्नो परमाणु कार्यक्रम रोक्नका लागि वार्ता गर्न तयार हुनुपर्ने उनको भनाइ थियो । उत्तर कोरियामाथि प्रतिबन्ध लगाउने यसअघिका प्रस्तावलाई अमेरिका र चीनले भिटोपावर प्रयोग गरेर असफल बनाउँदै आएका थिए ।

तर पछिल्ला केही महिनादेखि यी दुवै देशले उत्तर कोरियाविरुद्ध कडा रवैया अपनाउँदै आएका छन् । साथै अमेरिकाले समेत दक्षिण कोरियामा रहेको आफ्नो सैन्य गतिविधि र एन्टी मिसाइल सिस्टमलाई फिर्ता गर्नुपर्ने बताउँदै आएका छन् ।

कोरियाली प्रायद्वीप लामो समयदेखि तनावपूर्ण रहँदै आएको छ । दोस्रो विश्वयुद्धका क्रममा जापानले अमेरिकाको पर्ल हार्बरमा आक्रमण गरेको दुई दिनपछि यो द्वीपमा नियन्त्रण कायम गरेको थियो । जुन दोस्रो विश्वयुद्धको अन्त्यसम्म जारी रह्यो । त्यसपछि पुनः यसमाथि अमेरिकाको नियन्त्रण रहँदै आएको छ । अमेरिकादेखि करिब ११ हजार किलोमिटर टाढा रहेको यो द्वीप नै एसियाली क्षेत्रमा सैन्य गतिविधि सञ्चालन गर्ने अमेरिकाको सबैभन्दा ठूलो केन्द्र भएकाले पनि उत्तर कोरियाको नजर यही टापुमा परेको हो । करिब ७ हजार अमेरिकी सेना तैनाथ रहेको गुआम टापुमा कुनै प्रकारको क्षति उत्तर कोरियाले पुऱ्याएको अवस्थामा तत्काल युद्ध हुने कुरालाई नकार्न सकिँदैन । किनकि ७ डिसेम्बर १९४१ मा जापानले पर्ल हार्बरमा आक्रमण गरी २४ सय अमेरिकी सैनिकको हत्याको घटनाले दोस्रो विश्वयुद्धमा विनाशलाई निम्त्याएको थियो भने गुआममा अमेरिकी सैनिक बेसमाथि आक्रमण भएमा त्योभन्दा ठूलो क्षति हुने अवस्था छ । तसर्थ उत्तर कोरिया र अमेरिकाबीच तत्काल कुनै प्रकारको युद्धको अवस्था सिर्जना भएमा त्यसले विध्वंसात्मक रूप लिन सक्छ । यद्यपि तत्काल यी दुई आणविक शक्ति राष्ट्रबीच युद्ध नै हुने सम्भावना प्रबल होइन । युद्धको अवस्थाको सिर्जना हुनका लागि अमेरिकाको भूमिका कस्तो हुन्छ भन्ने कुरामा निर्भर गर्नेछ ।

अमेरिकाले बारम्बार उत्तर कोरियाको आणविक विकास विश्वका लागि खतरा भएको बताउने गरेको छ । के त्यसो हो भने अमेरिका र उसको पक्षमा रहेका राष्ट्रले गरेको आणविक विकास विश्वका लागि 'वरदान' साबित हुन्छ त ? यो प्रश्न पनि सँगै आउने गर्छ । आफूबाहेक अरू राष्ट्रले आणविक हतियार नबनाओस्, विकास नगरोस् र त्यसमाथि आफ्नो एकाधिकार कायम भई संसारलाई आफ्नो प्रभावभित्र राख्न सकियोस् भन्ने अमेरिकी सोच कोरियाली क्षेत्रमा तनाव उत्पन्न गराउने पहिलो कारक तत्व हो । दोस्रोमा एकपटक पश्चिमा देशको आक्रमणमा परिसकेको र आफूलाई पनि आणविक शक्तिका रूपमा विकास गराउने र आफूमाथि आक्रमण भएको खण्डमा त्यसको गतिलो जवाफ दिने उत्तर कोरियाली चाहनाले यो क्षेत्रमा तनाव सिर्जना गरेको छ । निःसन्देह रूपमा अबको विश्वको नेतृत्व एसियाको नै हो । त्यस्तो अवस्थामा अमेरिकाले धेरै पहिलेदेखि नै एसियाली राष्ट्रभित्र फुटाउ र राज गरेको नीति अख्तियार गर्दै आइरहेको छ ।

जापान, दक्षिण कोरिया, कतारलगायतका देशमा उसका ठूला सैन्य अड्डा रहेका छन् भने सन् १९९८ मा अमेरिकाले कब्जामा लिएको गुआम टापुमा करिब ७ हजार अमेरिकी सैनिक तैनाथ रहेका छन् । सो द्वीपको एक चौथाइ भागमा अमेरिकी सैनिकको एयरबेस रहेको छ । जसबाट उसले उत्तर कोरिया, दक्षिण चीन सागर र ताइवानजस्ता क्षेत्रलाई नियाल्ने गर्छ । सोही कारण पनि अहिले उत्तर कोरियाले गुआममाथि आक्रमणको चेतावनी दिएपछि अमेरिका त्यसविरुद्ध चर्को प्रचारबाजीमा उत्रिएको हो ।

उत्तर कोरियाले आफ्ना राजनीतिक सोचलाई भाषणबाजीका माध्यमबाट भन्दा पनि त्यहाँको सरकारी समाचार एजेन्सी कोरियन सेन्ट्रल न्यूज एजेन्सी (केसीएनए) का माध्यबाट बाहिर ल्याउँछ । अहिले पनि उसले गुआम द्वीपमाथि आक्रमणको योजनाबारे यही समाचार एजेन्सीमार्फत बाहिर ल्याएको हो । जसले उत्तर कोरिया अमेरिकी धम्कीपछि निकै चनाखो भएको र अमेरिकी सैन्य अड्डाहरूमा हमला गर्न सक्ने शक्ति सञ्चय गरेर बसेको सन्देश दिन चाहेको छ । उसले पटकपटक आफू शक्तिशाली दुस्मनसँगको युद्धमा रहेको र यसबाट आफ्नो देशको रक्षा गर्नु अधिकार भएकाले प्रतिरक्षाका लागि आफूले निर्माण गरेका परमाणु हतियारहरूलाई जायज र आफ्नो अधिकार क्षेत्रको कुरा भएको बताउँदै आएको छ । केसीएनएले लेखेको छ, 'हामीसँग शक्तिशाली परमाणु हतियार हुनु बिल्कुल ठीक हो र आफूलाई रक्षा गर्नमा सही कदम पनि हो । हामीले यो कदम देशको स्वायत्तताका लागि उठाएका हौं ।

केसीएनएले हालै प्रकाशित गरेको एक लेखमा भनिएको छ, 'यदि डीपीआरकेले आफ्नो रक्षाका लागि परमाणु हतियार हासिल गर्ने बाटो छाडेर अमेरिकी र अन्य शक्ति राष्ट्रको दबाव र प्रलोभनसामु घुडा टेक्ने हो भने हाम्रो हालत इराक, लिबिया र अफगानिस्तानभन्दा खराब हुनेछ ।' पछिल्ला केही समयदेखि अमेरिकाले जमिन, जल र वायु सैनिक अभियानलाई तीव्र बनाउँदै परमाणु युद्धलाई लिएर शक्तिको होडमा लागेको छ र वास्तविक युद्धलाई निम्ता दिइरहेको संकेत गरेको छ । प्योङयाङले सन् १९५० मा पनि कोरियाली युद्ध उत्तर कोरिया दक्षिण कोरियामा प्रवेश गरेर नभई अमेरिकाले सुरु गरेको दाबी गर्दै अब उसले उत्तर कोरियामाथि आक्रमण गरेमा त्यो उसकै लागि प्रत्युत्पादक हुने बताउँदै आएको छ ।

अन्तर्राष्ट्रिय नाकाबन्दी र प्रतिबन्धको कुनै वास्ता नै नगरी उत्तर कोरिया आफ्ना गतिविधिलाई निरन्तर अघि बढाइरहेको छ । यसलाई अमेरिकासहितका पश्चिमा राष्ट्रले उत्तर कोरियाको परमाणु र मिसाइलका कारण उत्पन्न संकट खतरनाक स्तरमा पुगेको जनाएका छन् ।

उत्तर कोरियाले आफ्नो आणविक क्षमतालाई तीव्र रूपमा विकास गरिरहेका बेला अमेरिकामा पनि डोनाल्ड ट्रम्प जस्ता अनुभवविहीन राष्ट्रपति सत्ता सम्हाल्न आइपुगेका छन् । कतिपयले डोनाल्ड ट्रम्प ह्वाइट हाउसमा पुग्नु इतिहासको दुर्घटना भएको टिप्पणी गर्ने गर्थालेका छन् । उत्तर कोरियाले आफूलाई परमाणु लैस बनाउँदै लगेको बेला ट्रम्प प्रशासनको विदेश नीति लथालिंग र भद्रगोल देखिएकाले पनि ट्रम्पमाथि यस्तो टिप्पणी भएको हो ।


अमेरिका आवश्यकता परेमा युद्धमा उत्रिन पनि सक्छ । तर उसले उत्तर कोरियाली सत्तामा परिवर्तन नल्याउनन्जेलसम्म यसलाई आफ्नो नियन्त्रणमा ल्याउन सकिन्न भन्ने राम्ररी बुझेको छ । तर उत्तर कोरियाली शासन सत्तामा परिवर्तन ल्याउने गरी अमेरिकालाई यस क्षेत्रमा घुस्न सजिलो छैन । कोरियाली प्रायद्वीपमा हुने कुनै पनि खतराका समयमा चीनको उपस्थिति अमेरिकाका लागि सबैभन्दा ठूलो चुनौती हो । गत साता संयुक्त राष्ट्रसंघ सुरक्षा परिषद्ले उत्तर कोरियामाथि प्रतिबन्ध लगाएको थियो । जसमा चीन, रुस जस्ता देशले समेत समर्थन दिँदै उत्तर कोरियाली परमाणु कार्यक्रम रोक्न आग्रह गरेका छन् । यद्यपि उत्तर कोरियालाई काबुमा राख्न त्यति सजिलो हुनेछैन । उत्तर कोरियालाई जबर्जस्त काबुमा राख्ने प्रयास गर्दा भिडन्तको खतरा पनि उत्तिकै छ । यस्तो अवस्थामा कूटनीतिको निकै ठूलो भूमिका हुन्छ । तर उत्तर कोरिया पछिल्लो समयमा निकै व्यवस्थित देखिने गरेको छ भने ट्रम्प प्रशासन अनिश्चितताको अवस्थामा छ । जब कि अमेरिकी प्रशासन निकै व्यवस्थित हुँदा पनि उत्तर कोरियालाई कूटनीतिक रूपमा झुकाउने प्रयास सफल हुन सकेको थिएन ।

उत्तर कोरियामाथिको हालैको प्रतिबन्धमा समर्थन जनाए पनि चीन उत्तरको सबैभन्दा नजिकको छिमेकी मुलुक हो । उत्तर कोरियाका लागि अमेरिका जति खतरा हो, चीनका लागि पनि त्यतिकै खतरा हो । तर चीनले पछिल्लो केही दशकदेखि गरेको तीव्र विकास र अमेरिकालाई समेत उछिनेर पहिलो शक्तिका रूपमा उदाउन लागेकाले अमेरिकाले चीनमाथि हस्तक्षेप गर्ने सम्भावना देखिँदैन । तर चीनलाई कमजोर बनाउने खेल लामो समयदेखि खेल्दै आएको छ । यसकारण पनि उत्तर कोरियामाथि आक्रमण भई अमेरिकी प्रभाव बढ्नु भनेको चीनका लागि समेत खतरा हो । त्यसकारण चीन वर्तमान उत्तर कोरियाली शासनमा कुनै प्रकारको फेरबदल चाहँदैन । चीनको सरकारी मिडिया ग्लोबल टाइम्सले अमेरिकाविरुद्ध उत्तर कोरियाले हमला गरेमा चीन तटस्थ बस्नुपर्ने तर उत्तर कोरियामा सत्ता परिवर्तनको उद्देश्यले आक्रमण गरेमा चीन चुप लागेर बस्न नहुने स्पष्ट पारेको छ । चिनियाँ कम्युनिस्ट पार्टीको आधिकारिक धारणा ल्याउने मिडियाका रूपमा रहेको ग्लोबल टाइम्सले लेखेको छ, 'चीनको हित प्रभावित हुने गरी उत्तर कोरियामा हुने परिवर्तनलाई स्वीकार गर्नुहुँदैन ।' यसको अर्थ उत्तर कोरियामाथि अमेरिकाले कुनै पनि हस्तक्षेप गर्न खोजेमा चीन उत्तर कोरियाको रक्षार्थ मैदानमा उत्रिनेछ । ग्लोबल टाइम्सले हालसम्म अमेरिका र उत्तर कोरियाको तनावमा चीनले दुवैको पक्षमा केही नबोले पनि चीनको हित खतरामा पर्ने अवस्थामा त्यसको कठोर जवाफ दिने स्पष्ट गरेको छ ।

एजेन्सीहरुबाट

## रोचक संसार


### हराएको औंठी १३ वर्षपछि गाजरमा



क्यानडाको अल्बर्टाकी मेरी ग्राम्सको हिराको औंठी १३ वर्ष पहिले घरकै बगैंचामा हराएको थियो । त्यो सन् २००४ को कुरा थियो । अहिले मेरी ८४ वर्षकी छिन् ।

हराएको यति लामो समय हुँदा समेत फेला नपरेपछि औंठी भेटिने आश उनले मारिसकेकी थिइन् । तर हालै उनले उक्त औंठी आफ्नै बगैंचामा फेला पारिन्, एउटा गाजरको साथमा ।


सायद भाग्य यसैलाई भन्छन् । अझ रोचक त के भने मेरीले हिराको औंठी हराएको कुरा आजसम्म कसैलाई पनि भनेकी थिइनन् । आफ्नो लोग्नेसँग पनि लुकाएकी थिइन् कुरा । तर छोरालाई भने आमाको औंठी हराएको थाहा थियो । औंठी हराएको कुरा लुकाउन उनले बजारबाट एउटा उस्तै देखिने सस्तो खालको औंठी किनेर लगाउने गरेकी थिइन् ।



गत सोमबार मेरीकी बुहारीले जब खानका लागि करेसाबारीबाट एउटा गाजर उखेलिन् तब हिराको औंठीको रहस्य पर्दाफास भयो । वर्षौंसम्म माटोमै रहेको औंठी गाजरमा उनिएको अवस्थामा फेला पारिन् बुहारीले । उखेल्ने बित्तिकै ने अनौठो देखियो गाजर, कम्मर छिनेको जस्तो । जब उनले गाजरलाई पानीमा पखालिन् तब त गाजरले हिराको औंठी लगाएको प्रष्टै देखियो ।

### १० हजार अण्डाबाट एक अमलेट

स्वयंसेवी तथा केही भान्छेहरु मिलेर



एउटा यस्तो अमलेट तयार पारे जसको स्वाद त केवल एउटा सहरले मात्रै चाख्न पायो तर चर्चा चाहीं विश्वभर नै भयो । उक्त अमलेट १० हजार गोटा अण्डाबाट बनाइएको हो ।

बेल्जियमको मालमेडी सहरमा काठबाट बनाइएको भाँडोमा यो भिमकाय अण्डा तयार पारिएको हो । अमलेट स्वादिष्ट बनाउनका लागि यसमा हरियो प्याज तथा बेकन पनि हालियो ।

स्मरणीय कुरा के छ भने युरोपेली बजारमा हालैका दिनहरुमा अण्डा संक्रमित भएको खबर जोडतोडका साथ उठिरहेको छ । तर यसरी १ हजार अण्डाबाट अमलेट बनाएर अण्डा सुरक्षित छ भन्ने सन्देश दिन खोजिएको हुनसक्छ ।

### किन भए कुकुरहरु निलो ?

भारतको मुम्बई सहरमा निलो रंगका कुकुरहरु घुम्न थालेका छन् । नयाँ मुम्बईका घुमन्ते कुकुरहरु एकाएक निलो रङमा बदलिएपछि सबै अचम्ममा परेका छन् । आखिर कुकुरहरु किन निलो भए ? यसको कारण खोजिँदैछ ।

नयाँ मुम्बईका गल्ली गल्लीमा निलो रङका कुकुर देखिन्छन् । त्यस्ता कुकुर देख्ने हर कोहीले कारण जान्न चाहन्छ । अनि कुकुर निलो भएको यो घटना महाराष्ट्र प्रदुषण नियन्त्रण बोर्डसम्म पुग्यो । यहाँको स्थानीय जनावर संरक्षण सेलले यसबारेको उजुरी दर्ता गरेको थियो ।

कुकुर निलो भएको घटनाका लागि तलोजा इलाकास्थित कसाडी नदीलाई जिम्मेवार ठहराइएको छ । यो नदीको पानी पूर्णरुपमा प्रदुषित रहेको छ । आसपासमा हजारौं फर्मास्युटिकल्स, खाद्यान्न तथा इन्जिनियरिंग कारखाना रहेका छन् । ती कारखानाबाट निस्केको विषाक्त तथा फोहोर पानी सिधै नदीमा मिसिन्छ ।

यस्तोमा जब कुनै जनावर त्यो पानीको सम्पर्कमा आउँछ तब उसको सरीरको रंग नै निलो हुन्छ । उक्त इलाकाका भुस्याहा कुकुरहरु समेत नदीमा गएर डुबुल्की मार्ने गरेकाले सरीर नै निलो बनेको हो । सरकारी अधिकारीका अनुसार कसाडी नदीको पानीमा विषाक्त पदार्थको मात्रा उच्च छ ।

### आइन्स्टाइनको चिठी २२ लाखमा

आजभन्दा ९८ वर्ष पहिले वैज्ञानिक अल्बर्ट आइन्स्टाइनले आफ्नी पत्नीलाई लेखेको चिठी २१ हजार ४९२ डलर अर्थात् झण्डै २२ लाख रुपैयाँमा बिकेको छ ।

आइन्स्टाइनले सन् १९१९ को डिसेम्बर ५ मा आफ्नी पत्नी र छोरालाई उक्त चिठी लेखेका थिए । कापीको पन्नाको दुवैतर्फ लेखिएको उक्त चिठीमा आइन्स्टाइनले एकातर्फ अल्बर्ट र अर्कोतर्फ पापा नामबाट हस्ताक्षर गरेका थिए । हस्तलिखित यो पत्रले आइन्स्टाइनको निजी जिवन र उनको वैज्ञानिक विरासतको विवरण दिन्छ ।

पत्रको सुरुमा आइन्स्टाइनले पत्नी मिलेवा मरिकलाई सम्बन्ध विच्छेद गर्ने व्यवस्था र छोरा हेन्स अल्बर्टको शिक्षाको बारेमा चर्चा गरेका छन् ।

उनले लेखेका छन् - यस्तो प्रतीत हुन्छ कि मेरो भाग्यमा फिरन्ते जिन्दगी लेखेको छ । मौजुदा अवस्थामा यो बुझ्न सक्छु कि तिमी निकै राम्रो हुन सक्दछौ । अल्बर्टको स्कुल नसारियोस्



भन्ने म चाहन्छु । अर्को पन्नामा उनले छोरा हेन्स र एडवर्डको पढाइका बारेमा अन्य कुरा लेखेका छन् । आइन्स्टाइनको यो चिठी अमेरिकाको पिआर अक्सन हाउसमा लिलामी भएको हो ।

एजेन्सीहरुबाट

प्रेरक

## किसानको छोराको रेलयात्रा

इंग्लयान्डका प्रधानमन्त्री विलियम इवार्ड ग्लाड स्टोन एक साधारण किसानका छोरा थिए । उनी अत्यन्त साधा जीवन व्यतित गर्थे । यहाँसम्म कि उनी आफ्ना लुगा पनि आफैं सफा गर्थे र बिहान बेलुका साइकलमा झोला झुन्ड्याएर तरकारी किन्न निस्कन्थे ।

एक पटक रेलयात्रा गरिरहेका बेला स्टेसनमा एउटा पत्रिकाका सम्पादक उनलाई भेट्न आए । उनको विचार थियो- प्रधानमन्त्री अवश्य पनि पहिलो श्रेणीको डब्बामा बसेका होलान् । त्यसैले उनले पहिलो श्रेणीका तीनवटा डब्बामा खोजे । तर उनी भेटिएनन् । तब पहिलो श्रेणीको एउटा झ्यालमा एउटा महँगो लुगा लगाएको नवयुवक उनले देखे ।

ती नवयुवकसँग सम्पादकले प्रधानमन्त्रीबारे सोधे- ती युवकले उनलाई जवाफ दिए- उहाँ यो डिब्बामा हुनुहुन्न । उहाँ त दोस्रो डब्बामा हुनुहुन्छ ।

युवकको कुरा सुन्दा ती सम्पादकलाई विश्वास लागेन । उनले भने- उहाँ जस्तो नेता पहिलो डिब्बाको साटो दोस्रो डिब्बामा यात्रा गर्ने कुरा मलाई अलि विश्वास लागेन । ती पत्रकारको कुरा सुनिसकेपछि युवकले भने- मैले झूटो बोलेको होइन । म उहाँको छोरा हुँ । यसपछि सम्पादक दोस्रो डब्बामा गए । त्यहाँ ग्लाड स्टोन सिटमा बसेर पत्रिका पढिरहेका थिए । यो देखेर सम्पादकले सोधे- श्रीमान् तपाईं प्रधानमन्त्री भएर पनि दोस्रो श्रेणीको डब्बामा यात्रा गरिरहनुभएको छ । तर तपाईंको छोरा चाहिं पहिलो श्रेणीका डब्बामा यात्रा गरिरहेका छन् किन ?

पत्रकार महोदयको कुरा सुनेपछि मुसुक्क मुस्कुराउँदै ग्लाड स्टोनले भने- हेर्नोस् म एउटा सामान्य गरिब किसानको छोरा हुँ । त्यसैले दोस्रो श्रेणीको डब्बामा यात्रा गर्दैछु । ऊ चाहिं एक प्रधानमन्त्रीको छोरा हो । त्यसैले ऊ पहिलो श्रेणीको डब्बामा यात्रा गर्दैछ । जवाफ सुनेर सम्पादक जिल्ल परे ।

# साप्ताहिक राशिफल

ज्यो. लक्ष्मीप्रसाद बराल

### मेष

स्वास्थ्यमा कमजोरी अनुभूति हुनेछ भने चिताएको काममा विलम्ब हुन सक्छ । समयको तालमेल नमिल्दा योजना अधुरै रहनेछ । आफ्ना विषयवस्तुमा अरूले दाबी गर्न सक्छन् । बौद्धिक व्यक्तित्वहरूसँग प्रतिस्पर्धा गर्नुपर्ने स्थिति आउन सक्छ । नतिजा कमजोर हुनाले काम दोहोर्याउनुपर्ला । नयाँ योजना कार्यान्वयनमा ल्याउन समय पर्खनुहोला ।

### बृष

मान्यजनसँग असमझदारी बढ्नेछ भने हठ गर्ने बानीले पनि समस्या निम्त्याउन सक्छ । आसलाग्दो काम बिग्रनाले मन खिन्न हुनेछ । बेलैमा सजग नबन्दा व्यवहारमा दुःख पाइनेछ । अरूको सुझावमा भर नपर्नुहोला । महत्वाकांक्षी योजना पनि तत्काल सार्वजनिक नगर्नुहोला । परिवारजनको सहयोग लिंदा राम्रो हुनेछ। मेहनत गर्दा पछिलाई फाइदा हुनेछ ।

### मिथुन

मिहिनेत परे पनि गरिएका कर्मको उचित प्रतिफल पाइनेछ । विभिन्न उपहार प्राप्त हुने समय छ । केही सहयोगीहरू टाढिन सक्छन् । तापनि प्रतिद्वन्द्वीलाई हराउन सकिनेछ । रोकिएका काम बन्ने र नयाँ काम प्रारम्भ गर्ने समय छ । उद्योग र व्यापारमा फाइदा हुनेछ । कृषिमा कामको चाप बढ्न सक्छ । चौपायामा केही समस्या देखिए पनि अर्थ उपार्जन हुनेछ ।

### कर्कट

हडबडीले काम बिग्रनेछ भने सानो गल्तीले मौका गुम्न सक्छ। बोलीको गलत अर्थ लाग्नाले वादविवादमा परिने सम्भावना छ । अध्ययनमा त्यति समय दिन नसकिएला । स्थायी सम्पत्तिमा पनि विवाद आउन सक्छ । अप्ठ्यारा परिस्थितिसँग सम्झौता गर्नुपरे पनि बुद्धि लगाउँदा लक्ष्य पहिल्याउन सकिनेछ । विचार सम्प्रेषण गर्न केही समय पर्खनु बुद्धिमानी हुनेछ ।

### सिंह

सुन्दर पहिरनले व्यक्तित्व निखार्नुका साथै अरूलाई प्रभाव पार्न सकिनेछ । पहिलेको सफलताले हौसला जगाउनेछ । रमाइलो जमघटका बीच स्वादिष्ट भोजनको आनन्द पाइएला । बिछोडिएका आफन्तसँग भेटघाट हुनेछ । पहिलेका कमजोरीलाई सुधार गर्ने मौका छ । मनग्गे धन आर्जन हुनेछ । नयाँ कामको प्रस्ताव आउनेछ भने सहयोगीहरू प्रशस्तै भेटिनेछन् ।

### कन्या

आँटेको काममा अवरोध आउनुका साथै खर्च समेत बढ्न सक्छ । व्यवसायमा लगानी बढाउनुपर्ने समय छ । आफ्नै कमजोरीले विवादमा परिएला । प्रतिस्पर्धामा पनि केही कमजोर साबित भइएला । आफन्तबाट टाढिनुपर्ने परिस्थिति आउन सक्छ । काममा स्थानान्तरण अथवा टाढाको यात्रा हुने सम्भावना छ । वैदेशिक क्षेत्रबाट भने सामान्य लाभ उठाउन सकिनेछ ।

### तुला

मिहिनेतले आम्दानी बढाउनेछ । आयस्रोत बढ्नेछन् भने उठ्नुपर्ने रकम हातलागी हुने समय छ । कृषि, पशुपालन तथा व्यापारमा मनग्य लाभ हुनेछ । दिगो फाइदा हुने काम प्रारम्भ हुन सक्छ । अध्ययनमा राम्रै प्रगति हुनेछ । नयाँ ज्ञान सिक्ने समय छ । सञ्चित धनको उपयोगबाट विशेष फाइदा हुनेछ । श्रमको उचित मूल्यांकन होला । दिन उत्साहवर्द्धक रहनेछ ।

### बृश्चिक

प्रतिष्ठित काम गरेर धेरैको मन लोभ्याउन सकिनेछ । विशिष्ट व्यक्तिहरूसँग मित्रता बढ्नेछ । अरूलाई प्रभावित पारेर काम बनाउने समय छ । आफ्नो क्षेत्रमा प्रभुत्व जमाउन सकिनेछ । दाम, इनाम र प्रतिष्ठा कमाउने बेला छ । भूमि, वाहन र पैत्रिक सम्पत्तिबाट लाभ मिल्ने योग छ । व्यापारमा पनि प्रशस्त फाइदा हुनेछ । मिहिनेत गर्दा कीर्तिमानी काम बन्न सक्छ ।

### धनु

अवसर आए पनि नयाँ काममा हात हाल्नुअघि राम्ररी विचार पुर्याउनुहोला । बाध्यतामा अलमलिनुपर्दा मन खिन्न रहनेछ । श्रमपूर्वक समर्पित हुँदा पनि कामको मूल्य नपाइने परिस्थिति देखिन्छ । विविध चुनौती आइलाग्न सक्छन् । अवसरवादीहरूले फसाउन सक्छन् । तापनि, उपलब्धिको स्रोत पहिल्याउन सकिनेछ । काम सम्पादन नभए पनि योजना बन्नेछ ।

### मकर

काममा केही चुनौती देखिए पनि प्रयत्न गर्दा सकारात्मक संकेत प्राप्त हुनेछ । सहयोगीहरूले अप्ठ्यारो समयमा साथ दिनाले चुनौतीहरूलाई पार लगाउन सकिनेछ । गोप्य रहस्य पत्ता लाग्नेछन् भने नसोचेको धन लाभ हुन सक्छ । तापनि, सानातिना समस्याले केही अप्ठ्यारो परिस्थिति सिर्जना हुने देखिन्छ । स्वास्थ्यमा पनि अलि कमजोरी अनुभूति हुन सक्छ ।

### कुम्भ

परिवारजनको साथले उत्साहित भइनेछ । प्रेम वा मित्रताको बन्धन कसिने समय छ । भौतिक साधन जुट्नेछ भने आम्दानी बढाउने काम प्रारम्भ गर्न सकिनेछ । आयआर्जन राम्रै हुनेछ । कामबाट फुर्सदिलो भइनेछ भने अतिथिका रूपमा सत्कार समेत पाइने सम्भावना छ । व्यापार-व्यवसायमा लाभ हुनेछ । व्यावसाय विस्तारका लागि यात्रा गर्ने अवसर जुट्नेछ ।

### मीन

प्रतीक्षित नतिजाले उत्साह बढाउनेछ । प्रतिस्पर्धीहरूले हार खानेछन् भने सहयोगीहरूले राम्रो साथ दिनेछन् । रोकिएका काम बन्ने र नयाँ काम प्रारम्भ गर्ने समय छ । थोरै लाभ भए पनि ठूलो आवश्यकता पूरा हुनेछ । व्यापारलगायत आर्थिक लाभ हुने काम प्रारम्भ हुन सक्छ । ईर्ष्या गर्नेहरूले समस्या पार्न सक्छन् । पहिलेका योजना गोप्य राखेर अघि बढ्नुहोला ।

## "जोनी जेन्टलम्यान" को ट्रेलर

स्टार बन्ने दौडमा रहेका नायक पल शाहको मुख्य भूमिका रहेको चलचित्र 'जोनी जेन्टलम्यान'को ट्रेलर चलचित्र रिलिज भन्दा २५ दिन अगाडि सार्वजनिक गरिएको छ । नितिन चन्दले निर्देशन गरेको यो चलचित्रको ट्रेलरमा नायक पल शाहको मायालु र एङ्गी अवतार देखिएको छ । नायिका आँचल शर्माका लागि पलले देखाएको प्रेम र बदलाको कथालाइ नितिनले चलचित्रमा उतारेका छन् । एड्रिउ पौडेलले चलचित्रमा लगानी गरेका छन् । भदौ ३० गतेबाट देशभरका हलमा रिलिज हुने चलचित्रका केही संवादहरु अहिले सामाजिक संजालमा चर्चित बनिरहेका छन् । चलचित्र 'म यस्तो गीत गाउँछु' पछि पल शाह अभिनित अर्को चलचित्र रिलिज हुन लागेकाले पनि यतिबेला यसले धेरैको ध्यान खिचेको छ ।



## "समर लभ" सुटिङ धमाधम

चर्चित लेखक सुविन भट्टराईको पुस्तक 'समर लभ' को कथामा आधारित चलचित्र 'समर लभ' को सुटिङ श्रावण ३१ गतेबाट भएको छ । ६० दिनको सुटिङ तालिका सार्वजनिक गर्दै सुटिङ सुरु गरिएको चलचित्र मुस्कान ढकालको निर्माण तथा निर्देशनमा बन्न लागेको हो । अधिकांश नवकलाकारहरुको बाहुल्यता रहने चलचित्रकी नायिका भारतको सिक्किमबाट ल्याईएको छ ।

चलचित्रको सुटिङको लागि पछिल्लो केहिदिनदेखी सुटिङ युनिट किर्तिपुरको टियु कार्यलयहरुमा ब्यस्त छ । चलचित्रका लेखक सुविन भट्टराईले सेयर गरेको केहि तस्विरहरुमा चलचित्रको युनिटले त्रिभुवन बिश्वबिद्यालय र त्यस आसपासका कथाहरुको सुटिङ गरिरहेको झल्किन्छ ।

## सिपोराले देखाइन् संभावना

हुन त भलिबल खेलेरै सिपोरा गुरुङको नाम चम्किएको हो । राम्रो सट हानेर बेस्ट स्पाइकरको रूपमा खेलप्रेमीमाझ पहिचान बनाएकी सिपोरा पछिल्लो क्रममा भने फिल्म दुनियाँमा आइपुगेकी छन् । सिपोराले आफूलाई भलिबल खेलाडीको रुपमा स्थापित गराएपछि फिल्ममा पाइला राखेकी हुन् ।

नेपालका तर्फबाट सबैभन्दा कम उमेरमा अन्तर्राष्ट्रिय खेलकुदमा भाग लिएर पदक जितेकी सिपोरा २०६७ सालको पपुलर प्लेयर अफ दी इयर उपाधि विजेता हुन् । उनले 'द घलेक(द साइन अफ लभ' र 'यम्फावती द प्रिन्सेस' फिल्ममा समेत अभिनय गरिसकेकी छिन् । उनी मिस नेपाल प्रतियोगिता(२०१३ की प्रतिस्पर्धी समेत हुन् ।

## अमेरिकामा अनमोल र केकी उत्कृष्ट

युवा स्टार अनमोल केसीले अमेरिकामा आयोजना भएको 'दोस्रो खुम्बु खोल्स ग्लोबल नेपाली फिल्म अवार्ड'मा 'उत्कृष्ट नायक'को अवार्ड उचालेका छन् । पिता भुवन केसीको हातमा अनमोलले अवार्ड ग्रहण गरेका थिए । अनमोलले फिल्म 'गाजलु'बाट 'उत्कृष्ट नायक' को अवार्ड उचालेका हुन् । यस्तै, 'लभ साशा'बाट नायिका केकी अधिकारीले उत्कृष्ट नायिकाको अवार्ड उचालिन् ।

'ग्लोबल नेपाली फिल्म अवार्ड'मा 'छक्का पन्जा' उत्कृष्ट फिल्म घोषित भयो भने 'छक्का पन्जा'बाटै नायिका दीपाश्री निरौलाले उत्कृष्ट निर्देशकको अवार्ड उचालिन् ।



वरिष्ठ कलाकार टीका पहारीलाई लाइफ टाइम एचिभमेन्ट अवार्डबाट सम्मानित गरिएको थियो भने नायक अर्जुनजंग शाही र सुवर्ण क्षेत्री एचिभमेन्ट अवार्डबाट सम्मानित भए । यस्तै, 'बेष्ट को(एक्टर'को उपाधि 'छक्का पन्जा'बाट जितु नेपाल 'मुन्द्रे'ले प्राप्त गरे भने नायक रवीन्द्र खड्का, कलाकार मुकुन्द किशोर भट्टराई, चलचित्र निर्देशकरलेखक राजेन्द्र सलभ, निर्देशक नारायण पुरी, गायिका निलम श्रेष्ठ, फोटोग्राफर राजीब श्रेष्ठ र कलाकार कृष्ण मुरारी ढुंगेल स्पेशल अवार्डबाट सम्मानित भए । 'दोस्रो खुम्बु खोल्स ग्लोबल नेपाली फिल्म अवार्ड'मा सहभागी हुनका लागि नेपालबाट शिव परियार, यम बराल, कलाकार कृष्ण मल्ल, मदु श्रेष्ठ, भुवन केसी, सुनिल थापा, अर्जुनजंग शाही, रवीन्द्र खड्का, टीका पहारी, अनमोल केसी, दीपाश्री निरौला, केकी अधिकारी, केदार घिमिरे 'माग्नेबुढा', जितु नेपाल 'मुन्द्रे' लगाएतका कलाकारहरू अमेरिका पुगेका थिए ।

## एमा उत्कृष्ट अभिनेत्री

फोर्ब्सले ६ ओस्कार अवार्ड विजेता एमा स्टोनलाई सर्वाधिक कमाई गर्ने अभिनेत्रीको पहिलो सूचीमा राखेको छ । उनले जेनिफर लरेन्सलाई पछाडि छाड्दै पहिलो स्थान हासिल गरेकी हुन् । २०१५ र २०१६ मा जेनिफर सर्वाधिक कमाई गर्ने नायिकाको पहिलो नम्बरमा थिइन् । वेबसाइट व्यारायटी डटकमका अनुसार, स्टोनले फिल्म 'ला ला ल्यान्ड'बाट २.६ करोड डलरको कमाई गरेकी थिइन् । २.५५ करोड डलरको कमाई गरेकी जेनिफर एनिस्टन दोस्रो स्थानमा छिन् । लरेन्स २.४ करोड डलरको कमाई गर्दै यस वर्ष यो मामलामा पछाडि धकलिएर तेस्रो स्थानमा पुगेकी छिन् । यो २०१६ को उनको कमाईभन्दा करीब आधा हो । गएको वर्ष यो सूचीमा बलीउड अभिनेत्री दीपिका पादुकोण १० औं स्थानमा थिइन् तर यस वर्ष उनी सर्वाधिक कमाई गर्ने नायिकाको सूचीबाट बाहिरिएकी छिन् ।

*(अनलाइनहरुबाट)*

## अंग्रेजी शब्दावलीको ज्ञान बढाऔं

Grapple=परास्त गरिदिनु । जुधिरहनु He has been grappling with this problem for the long time (लामो समयदेखि नै ऊ यो समस्यासँग जुधिरहेको थियो)

Heydays= राम्रा दिनहरू In his heydays he was appreciated by many but now he is abandoned even by his relatives उसका राम्रा दिनहरूमा सबैले उसको तारिफ गर्दथे तर अहिले भने उसका नातेदारले पनि उसलाई त्यागेका छन्)

Hue and cry = कोलाहल When pickpocket snatched her purse she raised such a hue and cry that the thief was captured पैसाको ब्याग थुत्ने बित्तिकै तिनले यसरी कोलाहल मच्चाइन कि पकेटमारा तुरुन्तै पक्डियो)

Insularity = सानो मन वा सीमित सोचाइ भएको The insularity of her husband reflects itself always in his suspicion about her (उनको लोग्नेको सानो मन छ भन्ने कुरा उसले उनीमाथि गरेको शंकाले पुष्टि गर्दछ)

Loath=अनिच्छुक हुनु My parents were loath for me to study abroad (मेरा बाबुआमाहरू मेरो विदेशमा पढ्न जाने कुराप्रति अनिच्छुक थिए)

Mote = सानो खटिरा The mote in the eyes is always very painful (आँखामा आउने सानो खटिरा पनि निकै दुखाउने खालको हुन्छ ।

Necromancy= मसान जगाउने शास्त्र Those performing necromancy call on the spirit of the dead to tell the future (मसान जगाउने कार्य गर्नेहरूले मरेको आत्मालाई बोलाई भविष्य बताउन लगाउँछन्)

Opulence=विलासिता The opulence of the living room of the palace took my breath away (दरबारको बैठकको विलासीपूर्ण सजावट देखेर मेरो स्वास नै रोकियो)

Propriety = सही आचरण The singer advised the audience not to embarrass him rather behave with propriety while singing (गीत गाइरेहको बखत आफूलाई हैरान नपार्न बरु सही आचरण प्रदर्शन गर्न गायकले दर्शकहरूलाई सल्लाह दियो)

Purveyor=आपूर्ति गर्ने As purveyor of wine and beer, he has travelled all over Europe (बियर र रक्सी आपूर्ति गर्ने मानिसको रुपमा उसले पुरै युरोप घुमेको छ ।

## सामान्य ज्ञान प्रश्नोत्तरहरू

राष्ट्रिय चिन्ह गुलाफ भएको देश कुन हो ? • इरान र इंग्ल्यान्ड

१८ महिनाको एक वर्ष मानिने देश कुन हो ? • मेक्सिको

जनतालाई कुनै कर नलगाई हुलाक टिकटको बिक्रीबाट नै प्रशस्त आम्दानी गर्ने देश कुन हो ? • लक्जेमवर्ग

अमेरिकाको सर्वोच्च अदालतकी प्रथम महिला न्यायाधीश को हुन् ? • श्रीमती सान्ड्रा डे ओ कोनर

कोकाकोलाको आविष्कार गर्ने व्यक्ति को हुन् ? • डा. जोन पिमवर्टन

बारूदको आविष्कार गर्ने देश कुन हो ? • चीन

विश्वमा हवाईजहाजको पहिलो उडान कहिले भएको थियो ? • सन् १९०३, डिसेम्बर १७

नेपालको प्रथम लिपि कुन हो ? • गुप्त लिपि

नेपालमा भद्रकाली नाचको चलन कसले चलाएका हुन् ? • राजा रत्न मल्ल

नेपालमा प्रथम पटक विमान अपहरण कहिले भएको थियो ? • २०३०, जेठ २८

स्पेनको राजधानी कुन हो ? • म्याड्रिड

स्वीट्जरल्यान्डलाई ल्याटिन भाषामा के भनिन्छ ? • हेलभेसिया

सूर्यास्तको देश भनेर कुन देशलाई भनिन्छ ? • बेलायत

नारायणहिटीको नारायणको मन्दिर स्थापना गर्ने व्यक्ति को हुन् ? • राजा प्रताप मल्ल

वसन्तपुरको नौतले दरबार कसले बनाएका हुन् ? • श्री ५ पृथ्वीनारायण शाह

पशुपतिनाथमा कोटी लिंगको स्थापना गर्ने को हुन् ? • प्रताप मल्ल

हिन्द महासागरको सबभन्दा गहिरो गाउँ कुन हो ? • जाभा ट्रोच

ब्राजिल पत्ता लगाउने व्यक्ति को हुन् ? • प्रेदो क्वाब्रे

विश्वमा सबभन्दा बढी जनसंख्या वृद्धि भएको देश कुन हो ? • केन्या, ८ प्रतिशत

अन्तर्राष्ट्रिय नागरिक उड्डयन संस्थाको स्थापना कहिले भयो ? • सन् १९४७, अप्रिल ४

संस्कृतको विश्व प्रसिद्ध कवि को हुन् ? • कालिदास

## फरक थाहा पाई राख्नुहोस्

Tall= अग्लो He is taller than me ऊ मभन्दा बढी अग्लो छ

Lofty = चुलिएको The topography of Nepal is characterized by lofty mountains नेपालको धरातलको विशेषता भन्नु नै चुलिएका पहाडहरू हुन् ।

High = उच्च The climate in the high hill remains cool even during summer ग्रिष्म ऋतुमा पनि उच्च पहाडको हावापानी शितल हुन्छ ।

Tantalize = जिस्काउनु, लोभ्याउनु Give the dog the bone don't tantalize him कुकरलाई हड्डी खान देउ, देखाएर नलोभ्याउ वा नजिस्काउ

Harras = हैरान पार्नु The telephone operator is harassed by silly requests that she receives everyday टेलिफोनमार्फत आउने नचाहिँदा अनुरोधले गर्दा टेलिफोन अपरेटर हैरान छिन्

Objective = सामान्य उद्देश्य The objective of every democratic state is the welfare for its people हरेक प्रजातान्त्रिक राज्यको उद्देश्य भनेको यसका जनताको कल्याण नै हो) ।

Target = कुनै समयावधिभित्र पूरा गर्ने उद्देश्य (लक्ष्य) The main target of this five year plan is the alleviation of the poverty यो पञ्चवर्षीय योजनाको लक्ष्य भनेको गरिबी निवारण हो)

Tartar (violent) = हात छोड्ने प्रवृत्तिको (जंगली) This child is quite tartar यो बच्चा ज्यादै जंगली छ ।

Tatters = कपडाका टुक्राहरू (झुम्रा) The poor beggar is dressed in tatters विचरा माग्ने झुम्रै झुम्राको लुगा लगाएको छ ।

Tasteful = स्वादिष्ट, रमाइलो पाराको His jokes are always tasteful उसले गर्ने जोक्स ज्यादै रमाइलो पाराका हुन्छन्

Tasty = स्वादिलो The dish that we had yesterday was tasty हिजो हामीले लिएको खाना ज्यादै स्वादिष्ट थियो ।

## सुडोकु-अंक ६७

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | २ | | ३ | | | | | |
| ९ | ६ | | | ५ | १ | | ४ | |
| | | | | ४ | | २ | | ५ |
| | १ | | ८ | | | | | |
| | ५ | ४ | | | | ८ | ६ | |
| | | | | | ९ | | १ | |
| ८ | | २ | | ९ | | | | |
| | ३ | | १ | २ | | | ८ | ४ |
| | | | | | ४ | | ३ | |

## अंक ६६ को नतिजा

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| ८ | ९ | ३ | २ | ६ | ७ | ५ | ४ | १ |
| ४ | ६ | ७ | ३ | ५ | १ | ९ | ८ | २ |
| ५ | २ | १ | ९ | ८ | ४ | ७ | ६ | ३ |
| ९ | १ | ६ | ८ | २ | ५ | ४ | ३ | ७ |
| ३ | ५ | ८ | ४ | ७ | ९ | २ | १ | ६ |
| ७ | ४ | २ | १ | ३ | ६ | ८ | ९ | ५ |
| १ | ७ | ९ | ६ | ४ | २ | ३ | ५ | ८ |
| २ | ३ | ४ | ५ | १ | ८ | ६ | ७ | ९ |
| ६ | ८ | ५ | ७ | ९ | ३ | १ | २ | ४ |

# बाल विकास समाजको सामाजिक परिक्षण कार्यक्रम



सामाजिक परिक्षण कार्यक्रमका सहभागीहरू



मन्तव्य राख्दै प्रमुख अतिथि समाजकल्याण मन्त्रालयका सचिव



सामाजिक परिक्षण कार्यक्रममा सुझाव दिदै सेतो गुँरासबाट



कार्यक्रममा जिज्ञासा राख्दै बाल सल्लाहकार समिति प्रतिनिधि



मन्तव्य राख्दै संस्थाका कोषाध्यक्ष सुरेन्द्र ढकाल



मन्तव्य राख्दै बुढानीलकण्ठ नगरपालिकाका वडा सदस्य लड्डु खड्का




मन्तव्य राख्दै जिल्ला बाल कल्याण समिति काठमाडौका प्रतिनिधि



मन्तव्य राख्दै लपुमनपाका समाजकल्याण महाशाखाका वरिष्ठ अधिकृत



धन्यवाद दिदै संस्थाका महासचिव काजीवावु पाण्डे

बाल विकास समाजको सामाजिक परिक्षण कार्यक्रम अर्याल होटल बानेश्वर, काठमाडौंमा भाद्र २ गते सम्पन्न भएको छ । कार्यक्रमको सभा अध्यक्ष समाजका महासचिव काजी बाबु पाण्डेले गर्नु भएको थियो भने प्रमुख अतिथ्यता महिला तथा बालबालिका मन्त्रालयका सचिव खगराज बरालले गर्नु भएको थियो । कार्यक्रममा अतिथिको रूपमा ललितपुर महानगरपालिका समाज कल्याण महाशाखाका वरिष्ठ अधिकृत प्रेम बहादुर थापा, पाँचखाल नगरपालिकाका उपप्रमुख लक्ष्मी दनुवार, काठमाडौ महानगरपालिका सामाजिक महाशाखाका प्रमुख बद्री बहादुर खड्का, बालबालिकाको प्रतिनिधि दृप्ति भुजेल, जिल्ला बाल कल्याण समिति काभ्रेका सुचना व्यवस्थापन अधिकृत सरोज नेपाल, जिल्ला शिक्षा कार्यालय काठमाडौंका प्रतिनिधि, जिल्ला समन्वय समिति काठमाडौंका प्रतिनिधि, महिला तथा बालबालिका कार्यालय भक्तपुरका बाल संरक्षण निरिक्षक कुबेर दाहाल, चाँगुनारायण नगरपालिका कार्यालयका लेखा अधिकृत विरबल अधिकारी, चाँगुनारायण स्रोत केन्द्रका स्रोत व्यक्ति योवन कुमार राना, खरिपाटि स्रोत केन्द्रका स्रोत व्यक्ति सावित्रि वराल, जोरपाटि स्रोत केन्द्रका स्रोत व्यक्ति विष्णु कायष्थ, विभिन्न विद्यालयका शिक्षक, विद्यालय व्यवस्थापन समितिका सदस्य, बाल संरक्षण समितिका प्रतिनिधिहरू, स्थानीय जनप्रतिनिधि, महिला समुहका सदस्यहरू, बाल क्लवका प्रतिनिधिहरू, भक्तपुर ईट्टा उद्योग व्यवसायी संघका अध्यक्ष नातिभाई हेम्बा, ईट्टाभट्टाका नाइके, बाल सल्लाहकार समितिका प्रतिनिधिहरू, विभिन्न संघसंस्थाका प्रतिनिधिहरू, कर्मचारीहरू आदिको सहभागिता रहेका थियो ।

कार्यक्रम संचालन खादा पहिरन गरी समाजले अबलम्बन गरेको मिल ब्यानरको जानकारी गराई सुरू गरियो । स्वागत तथा सामाजिक परिक्षण कार्यक्रमको उद्देश्य माथि प्रकाश बाल विकास समाजका कार्यक्रम निर्देशक किरण थापाले गर्नु भयो । प्रमुख अतिथिद्धारा सामाजिक परिक्षण प्रतिवेदन सार्वजनिक भए पश्चात समाजका कार्यक्रम व्यवस्थापक सोनिया रिजालले कार्यक्रममा सामाजिक लेखा परिक्षणको प्रतिवेदन प्रस्तुत गर्नु भयो । मन्तव्यको क्रममा प्रमुख अतिथि खगराज बरालले विभिन्न संघसंस्थाद्धारा बाल संरक्षण सम्बन्धी कार्यक्रमहरू धेरै भएको कुरा जानकारी गराउनु भयो । बालबालिकाहरूका कुराहरूलाई वयस्कले प्राथमिकता नदिने हुँदा अबको संरचना बालमैत्री संरचना निमार्णको आवश्यकता रहेको कुरा उहाँले उल्लेख गर्नु भयो । तसर्थ अबको दिनमा सबै स्थानहरूमा "बालबालिका पहिलो" (ऋजषमिे ाष्चकत) बनाउने कुरा उल्लेख गर्नु भयो । नेपालमा बच्चा जन्माउने उमेर, अवस्था, तरिका, प्रणाली, आदिको बारेमा राम्रोसँग समुदायलाई जानकारी नहुँदा जन्मेका बालबालिकाहरू पनि स्वस्थ्य नहुने र बाल विकास समाजले अबका दिनमा जन्मनु पहिले र जन्मेपछि गर्नुपर्ने हेरचाह सम्बन्धी जनचेतना मुलक कार्यक्रमहरू संचालन गर्न सुझाव दिनु भयो । यस संस्थाले नेपाल सरकारको मर्म, उद्देश्य र भावना अनुसार काम गरेकोमा धन्यवादसमेत व्यक्त गर्नु भयो ।

समाज कल्याण परिषदको अनिवार्यताका साथ यस सामाजिक परिक्षण कार्यक्रम गर्नुपर्ने कुराको जानकारी यस कार्यक्रमको सहजीकरण गरिरहनु भएका विष्णु खत्रीले बताउनु भयो । खुल्ला छलफलमा विभिन्न व्यक्ति, लक्षित वर्ग, सरकारी निकायका प्रतिनिधि, स्थानीय जनप्रतिनिधि, बालबालिका आदिले आफ्ना मनमा लागेका तथा देखेका कुराको बारेमा प्रश्न राख्नु भएको थियो । छलफलको क्रममा भक्तपुर बालक्लव सञ्जालका निर्वतमान अध्यक्ष श्रीकृष्ण थापाले भन्नुभयो, "भक्तपुरमा बालबालिका सम्बन्धी काम गर्ने पहिलो संघसंस्थाको रूपमा बाल विकास समाजलाई चिनिन्छ, तसर्थ आगामी दिनमा यस संस्थाले अझै बाल सहभागितामा काम गर्नको लागि अनुरोध गर्दछु ।" त्यस्तै खुल्ला छलफलमा लैङ्गिक नीति बनाउन, अति आवश्यक बालबालिकाहरूलाई मात्र छात्रवृत्ति दिनुपर्ने, संस्थाको कार्यक्षेत्र अन्य जिल्लाहरूमा पनि विस्तार गर्नुपर्ने, स्वास्थ्य एवम् सुरक्षाका कार्यक्रमलाई बढुवा दिदै बाल विकास समाजले प्राप्त गरेका पुरस्कार तथा सम्मानको बारेमा जानकारी, आन्तरिक श्रोत राख्दा राम्रो हुने बालक्लवलाई उचित व्यवस्थापन सहित परिचालन गर्नुपर्ने, यस प्रतिवेदनमा कार्य गर्दा चुनौति पनि लेखिएको भए राम्रो हुने, बाल विकास समाजले बालमैत्री स्थानीय शासन सम्बन्धी कार्यक्रम आयोजनाका लागि स्थानीय सरकारसँग पैरवी गर्नुपर्ने, नेपालको संविधानको धारा ३९ भित्र प्रारम्भिक बाल विकासलाई कुनै पनि स्थान नदिएकोले यस कुरामा पैरवी गर्नुपर्ने, पारिवारिक पुर्नस्थापना गराइएका बालबालिकाहरूलाई गाउँ घरमै राख्ने वातावरण सृजनाका लागि त्यस्ता बालबालिकाहरूलाई सीपमुलक कार्यक्रमको आयोजना गर्नुपर्ने, बालक्लवमार्फत समुदायमा जनचेतनामुलक कार्यक्रम संचालन गरेमा राम्रो हुने जस्ता कुराहरूमा सल्लाह तथा सुझाव कार्यक्रममा सहभागी भएका विभिन्न निकायका प्रतिनिधिहरूबाट प्राप्त भएको छ । समाजका कोषाध्यक्ष सुरेन्द्र ढकालले सरोकारवालाहरूबाट आएको जिज्ञासाहरूलाई प्रष्ट पार्ने काम गर्नु भयो । बाल विकास समाज द्ययततफ तय गउ क्थकतभ मा चल्ने संस्था भएकोले अन्य संस्थाहरू भन्दा फरक रहेको कुराको बारेमा उल्लेख गर्नु भयो । बाल विकास समाजले हरेक सामुदायिक विद्यालयमा बालक्लव र दिवा शिशु स्याहार हुनै पर्ने कुरामा पैरवी गर्ने कुरा समेत उहाँले बताउनु भयो ।

त्यस्तै यस कार्यक्रमका सभा अध्यक्ष गरिरहनु भएका तथा बाल विकास समाजका महासचिव काजीबाबु पाण्डेले अबका दिनमा स्थानीय सरकारसँग नजिक रहेर आवश्यक सल्लाह सुझाव लिई समन्वय गर्दै अगाडी बढ्ने कुरा बताउनु भयो । कार्यक्रममा उपस्थित सबै महानुभावहरूलाई कार्यक्रममा सहभागी भइ संस्थालाई सल्लाह तथा सुझाव दिएकोमा सहभागीहरूलाई धन्यवाद्समेत दिनु भएको थियो ।

प्रस्तुति : भरत थापा

## खानेपानी समस्या समाधान गर्न आग्रह

काठमाडौं । खानेपानी तथा सरसफाई मन्त्री महेन्द्र यादवसँग धरान उपमहानगरपालिका प्रमुख तारा सुब्बा नेतृत्वको एक टोलीले भेट गरी खानेपानी समस्याका बारेमा जानकारी गराइ समस्या सामाधान गर्न आग्रह गरेको छ । टोलीले मन्त्री यादवकै कार्यकक्ष सिंहदरवारमा भेट गरी धरान खानेपानी संस्थानलाई छिटो भन्दा छिटो धरान खानेपानी व्यवस्थापन बोर्डमा रुपान्तरण गर्न अनुरोध गरेको छ ।

नेपाल खानेपानी संस्थान धरान शाखाका सम्पूर्ण जिम्मेवारीहरु एवं सो शाखाअन्तर्गत हालसम्म विद्यमान सम्पत्ति व्यवस्थापन बोर्डलाई हस्तान्तरण गर्ने प्रक्रिया बमोजिम अहिले सम्पत्ति मूल्याङ्कन गर्ने काम अगाडि बढिरहेको छ । धरानको खानेपानी व्यवस्थापनको काम खानेपानी व्यवस्थापन बोर्डमा रुपान्तरण गर्ने कि संस्थानमै निहित राख्ने भन्ने विषयमा केही मतान्तरहरु सतहमा आइरहेको भए पनि उपमहानगरपालिकाकै अग्रसरतामा गठन भएको व्यवस्थापन बोर्डमा हस्तान्तरण गर्ने गरी हाल गृहकार्य अन्तिम चरणमा पुगेको बताइएको छ । हाल एसियाली विकास बैंकको आर्थिक सहायतामा धरानमा थप खानेपानी आपूर्तिको काम पनि अगाडि बढिरहेको छ । यसै सन्दर्भमा मन्त्री यादवले सो विषयको वास्तविकता बुझेर त्यसको विवरण उपलब्ध गराउन मन्त्रालयकै सहसचिव आशिष घिमिरेलाई निर्देशन दिनुभएको उपमहानगरपालिकाकी उपप्रमुख मन्जु भण्डारी (सुवेदी) ले बताउनु भयो ।

खानेपानी अत्यन्तै सम्वेदनशील पक्ष भएकोले यो विषयलाई टुङ्ग्याउन आफू तयार रहेको समेत मन्त्री यादवले सो टोलीलाई बताउनु भएको मन्त्रीका प्रेस संयोजक भूषण पोखरेलले जानकारी दिनुभयो । मन्त्री यादवले धरान उपमहानगरपालीकालाई स्वच्छ खानेपानी उपलब्ध गराउन र सुन्दर सफा सहर बनाउन सहयोग गर्ने प्रतिवद्धता ब्यक्त गर्नु भएको पोखरेलले जानकारी दिनुभयो । मन्त्री यादवले मन्त्रालयका कर्मचारीहरुलाई खानेपानी जस्तो आधारभुत आवश्यकताबाट कुनै पनि नागरिक बन्चित हुन नहुने भन्दै स्वच्छ खानेपानी आपूर्ति गर्न कर्मचारीलाई निर्देशन दिनु भयो ।

बाढीपीडितलाई स्वच्छ खानेपानी पुऱ्याउन सम्बन्धित जिल्लाका कार्यालय प्रमुख र कर्मचारीलाई निर्देशन दिँदै मन्त्री यादवले विदा नबस्न र सेमीनार गोष्ठीमा सहभागी नभई कार्यस्थलमा काम गर्न निर्देशन दिनुभयो ।

## देउवा...

पाएको थियो । दोक्लामबारे मौन बस्नु भनेको कायरता नै हो ।

देउवा गत जेठमा प्रधानमन्त्रीमा निर्वाचित हुनासाथ दिल्ली जान हतारिएका थिए । तर स्थानीय तहको दोस्रो चरणको निर्वाचनले उनलाई रोकेको थियो । नेपालमा जो प्रधानमन्त्री भए पनि पहिले दिल्ली तीर्थाटन गर्ने परम्परा नै बनेको छ । देउवा भ्रमण यसकै निरन्तरता मात्र हो । भारतका प्रधानमन्त्रीले १७ वर्षसम्म नेपाल भ्रमण गरेनन् तर नेपालमा एक डेढ वर्षमै प्रधानमन्त्री फेरिने गर्छन् र व्यक्तिगत राजनीतिक हित र सत्ता रक्षाका लागि मात्र दिल्ली दौडिने गर्छन् ।

देउवा पहिलो पटक २०५२ सालमा औपचारिक दिल्ली भ्रमणमा गएका थिए । उनी भ्रमणमै रहेका बेला माओवादीले सशस्त्र जनयुद्ध फागुन १ गतेबाट सुरु गरेको थियो । देउवा त्यसबेला पश्चिमा समर्थकका रुपमा चिनिन्थे । उनी कांग्रेसबाट कोइराला परिवार बाहिरका पहिलो प्रधानमन्त्री बनेका थिए । भारतमा पनि नेहरु गान्धी परिवार बाहिरका पिभी नरसिंह रावले प्रधानमन्त्री बन्ने अवसर पाएका थिए । देउवाले माओवादी हिंसालाई रोक्न भारतसँग सहयोगको याचना गरेका थिए । तर माओवादीहरु भारतबाटै परिचालित रहेको रहस्य पछि मात्रै उनले थाहा पाए । त्यही पहिलो भ्रमणमा उनले गिरिजाले गरेको टनकपुरलाई महाकाली सन्धिमा परिणत गराए । उनले कर्णालीपारिका २२ वटा पुल र कोहलपुर वनवासा सडक निर्माणको सम्झौता गरे र चिनियाँ निर्माण कम्पनीलाई पाउने आशयपत्र भारतकै दबाबमा रद्द गरे । यिनले जलस्रोत र औद्योगिक उत्पादनमा भारतीय निजी कम्पनीहरुका लागि पहिलो पटक ढोका खुला गरिदिए । देउवा २०५८ चैत दोस्रो साता दोस्रो पटक प्रधानमन्त्रीका रुपमा भारतको औपचारिक भ्रमणमा जाँदा हिन्दुवादी दल भारतीय जनता पार्टीका अटलविहारी बाजपेयी प्रधानमन्त्री थिए । नेपालमा माओवादी हिंसा अझ भड्किँदै गएको थियो । राजतन्त्रको उन्मूलन र हिन्दू राष्ट्रबाट हटाएर नेपाललाई धर्मनिरपेक्ष बनाउने माओवादी हिंसाको मुख्य उद्देश्य थियो । देउवाले माओवादी हिंसाबारे बाजपेयीलाई अवगत गराउँदै त्यसबाट सुरक्षित गरिदिन अनुरोध गरेका थिए । उनले पूर्वपश्चिम निर्माणमा भारतले सघाउने र अध्ययन गर्ने सहमति गरे तर अहिलेसम्म त्यो कार्यान्वयन तहमा आएको छैन । तेस्रो पटक ०६१ भदौ अन्तिम साता देउवा प्रधानमन्त्रीका रुपमा दिल्ली जाँदा कांग्रेसका डा.मनमोहन सिंह भारतका प्रधानमन्त्री थिए । देउवाले माओवादी हिंसा रोक्न भारतसँग हतियार सहयोग मागेका थिए । देउवा भ्रमणपछि नै भारतीय संस्थापन पक्षले राजा, संसदवादी र माओवादी गरी तीन खम्बाको अवधारणा प्रतिपादन गरेको थियो । तर पछि भारतले गणतन्त्र, संघीयता र समावेशिताको अर्को तीन खम्बे नीति अख्तियार गऱ्यो र कांग्रेसको सहयोगमा राजतन्त्रको उन्मूलन गर्न सफलता पायो ।

चौथो पटक प्रधानमन्त्रीका रुपमा दिल्ली भ्रमणमा गएका देउवाले भारतीय संस्थापन पक्षलाई नेपालको संविधानप्रति सकारात्मक बनाउने पहलसम्म गरेनन् । उनले दोक्लामबारे भारतको कुरा सुने तर लिपुलेकबारे कुनै प्रसंग उठाएनन् । नेपालको लिपुलेक भन्ज्याङका आकाशमा अहिले भारतीय जहाजहरु दिनहुँ गस्ती गरिरहेका छन् । नेपाललाई जानकारी नै नदिई लिपुलेकमा भारतले बाटो निर्माण गरेको छ । नेपालको भूभाग लिपुलेक भारतले आफ्नै बनाउँदा पनि देउवाको दिल दुखेन । नेपाली ग्यास बुलेट चल्न भारतले दिएको छैन । यसबारे पनि देउवा मौन बसे । संसारभर चल्ने भारतीय एटिएम कार्ड नेपालमा मात्र निषेध गरिएको छ । यसबारे पनि देउवाले केही बोलेनन् । हजार र पाँच सय सय भारतीय रुपैयाँ सटहीका लागि उनले कुनै पहल गरेनन् ।

भारतले दक्षिणतर्फ सीमा क्षेत्रमा १९ वटा बाँधहरु बनाएको छ । यिनै बाँधका कारण तराई जलमग्न भएको छ । भारतीय बाँधकै कारण बर्सेनि ५० हजार तराईबासी घरबारविहीन भइरहेका छन् । दुई देशको सीमा क्षेत्रको ८ किलोमिटरभित्र बाँध, सडक वा कुनै भौतिक निर्माण कार्य गर्न नपाइने अन्तर ाष्ट्रिय कानुनको भारतले उल्लंघन गरेको छ । देउवा आफैंले भारतीय कम्पनीलाई सुम्पिएको अपर कर्णाली परियोजना अलपत्र छ । अरुण तेस्रो पनि भारतले कब्जा गरेको छ तर कुनै काम अघि बढाएको छैन । पञ्चेश्वर बहुउद्देश्य परियोजनाको अझै डीपीआर हुन सकेको छैन । राष्ट्रिय हित एजेन्डाहरुलाई थाँती राखेर देउवाले दिल्ली दौड गरिरहेका छन् । भारतलाई देउवालाई जुन उच्च सम्मान दिएको प्रचारबाजी गरेको छ, त्यसले प्रस्ट पार्छ देउवा अब भारतका सबभन्दा पत्यारिला नेपाली नेता भएका छन् । एमाले चीनको नजिक भएको भारतीय विश्लेषणपछि दिल्लीले प्रचण्ड र देउवालाई आफ्नो स्वार्थानुरुप प्रयोग गरिरहेको छ । आत्म समर्पणवाद र लम्पसारवाद नै देउवा भ्रमणका मुख्य उपलब्धि भएका छन् ।

## जम्बो...

तोकेको छ । तर अन्तरिम अवस्थाको फाइदा उठाउँदै पुरानो मुलुकी ऐनले तोकेको जन्तीको संख्यामा मन्त्रिमण्डलको विस्तार गरिएको छ । कामबिना तलबभत्ता खुवाउने र घुसखोरी र अनियमितता बढाउने प्रयोजनले मात्र बनाइएका राज्यमन्त्रीहरु ज्नताका सेवक होइनन् बोझ मात्र हुन् । शेरबहादुर देउवाले विगतमा पनि जम्बो मन्त्रिमण्डल बनाएर बदनामी कमाइसकेका छन् । सांसदहरुको खरिद बिक्रीदेखि लिएर भ्रष्टाचारलाई प्रश्रय दिएका कारण तत्कालीन राजा ज्ञानेन्द्रले त यिनलाई अयोग्य नै घोषणा गरेका थिए ।

बहुदलीय प्रजातन्त्र हुँदै मुलुकको राजनीति संघीय गणतन्त्रसम्म पुग्दा थुप्रै अनुहार र पृष्ठभूमिका व्यक्तिहरु मन्त्री बने । तर यस्ता मन्त्रीहरुले कुनै उल्लेख्य काम गरेनन् । बरु भ्रष्टाचार गरेर अकुत सम्पत्ति थुपार्ने काम गरे । खुमबहादुर खड्का, चिरञ्जिवी वाग्ले, जयप्रकाश गुप्ता, गोविन्दराज जोशी जस्ता कहलिएका नेताहरु समेत मन्त्री बनेपछि भ्रष्टाचारीमा दरिन पुगे । अहिले यी भ्रष्टहरु समेत फेरि मन्त्री बनेर देश लुट्न पाइने आशामा चुनाव लड्न पाउने गरी ऐन संशोधन गराउन लागिपरेका छन् ।

मन्त्रिमण्डल विस्तार हुँदा जनतामा कुनै उत्साह छैन । एक दुई जना मन्त्रीको बाहेक नाम पनि कसैलाई याद हुँदैन र कसैले जान्न पनि खोज्दैनन् । यो स्तम्भकारले केही व्यक्तिहरुलाई मन्त्रालयको नाम उल्लेख गरी मन्त्रीको नाम थाहा छ ? भन्ने प्रश्न गर्दा उल्टै गाली खानुपऱ्यो । यिनीहरुको नाम याद गरेर दिमागको बोझ बढाउनुभन्दा बरु कुनै राम्रो कुरा याद गरिन्छ भन्ने जवाफ पाइयो । मन्त्री जस्तो सम्मानित पदलाई बदनाम गराउने व्यक्तिहरु, जम्बो मन्त्रिमण्डलका सर्जकहरु नै हुन् । चुस्त, दुरुस्त क्याबिनेट बनाएर साँच्चीकै मुलुकको प्रमुख कार्यकारीको भूमिका निभाउनुपर्ने प्रधानमन्त्री रातो दिन मन्त्रिमण्डलको विस्तार र सत्ताको आयुको जोडघटाउमा व्यस्त रहँदा मुलुकको विकास कसरी सम्भव हुन्छ ?

सत्तामा उत्पन्न हुन सक्ने अस्थिरताबाट जोगिन सधैंभरि जम्बो मन्त्रिमण्डलको आडभरोसा लिनुभन्दा अब मुलुकले स्थिरताको लागि प्रत्यक्ष निर्वाचित कार्यकारीबारे सोच्न ढिला भइसकेको छ । वर्तमान शैलीको लोकतन्त्रले मुलुकलाई कहिले पन आर्थिक समृद्धिको बाटोमा लान सक्दैन सत्ता केवल मन्त्री जन्माउने कारखना मात्र बन्नेछ ।

## फेसबुक...

संसोधन विधेयक फेल हुनुले रअ क्याम्पमा ठूलै रुवावासी चलेको अनुमान गर्न सकिन्छ । जुन फरमुला लगाएर केही वर्षअघि महाकाली सन्धि अनुमोदन भएको थियो त्यही फरमुला लगाउँदा संविधान संसोधन दुईतिहाइले अनुमोदन हुन्छ भन्ने लख जसरी रअले काटेको थियो त्यो बालुवाको घर सावित भएपछि रअ नराम्ररी तिल्मिलाएको छ ।

ग्रेटर नेपाल पत्रिकाविरुद्ध विष वमन गर्दै आएको रअ क्याम्पले यसका सम्पादक/प्रकाशकको फेसबुक ह्याक गर्ने र फोनबाट धम्की दिने कार्यले राष्ट्रवादीहरुलाई झनै संगठित हुनपर्ने चेतना प्रवाह गरेको छ । रअको यस्तो हरकतबाट कोही पनि राष्ट्रवादी नेपालीले डराउनुपर्ने आवश्यकता देखिँदैन ।

## देउवाले...

मान्यता दिने परिपाटी निर्माण हुने अपेक्षा गरिएको छ । समझदारीबाट दुई देश जोड्ने मेची पुलको विस्तार र स्तरोन्नति हुनेछ । बैठकमा लागु औषध नियन्त्रण, मेची पुल निर्माण, लेखा प्रणाली सम्बन्धी र गुणस्तर नियन्त्रणसम्बन्धी सम्झौतामा हस्ताक्षर भएको छ । नेपालको पुनर्निर्माणका लागि भारतले प्रतिबद्धता जनाएको २५ करोड अमेरिकी डलर (करिब २५ अर्ब रुपैयाँ) अनुदान सहयोग परिचालनका लागि चार विधामा समझदारीपत्रमा हस्ताक्षर भएको हो ।


अधिकार सम्पन्न वाग्मती सभ्यता एकीकृत विकास समितिको अनुरोध

- हाम्रो वाग्मती हाम्रो सभ्यता
- कायम राखौं यसको पर्यावरणीय स्वच्छता
- जोगाइ राख्न सके यसको पवित्रता
- बढ्नेछ आत्मसम्मान आत्मीयता
- सदा बचाइराख्न यसको सौन्दर्यता
- सबै मिली गरौं प्रयास र प्रतिबद्धता
- नदी क्षेत्रमा हुने अव्यस्थित ढल निकासलाई नियन्त्रण गर्न सहयोग पुऱ्यायौं
- वाग्मती नदी र यसका सहायक नदीनालाहरूलाई स्वच्छ र सफा राखौं
- नदी किनाराको जग्गाहरूको संरक्षण गरौं
- नदी किनारामा वृक्षारोपण गरी नदीको सौन्दर्य बढायौं
- नदी किनाराको दायाँबायाँ निर्धारित मापदण्डभित्र नयाँ संरचना नबनाऔं
- वाग्मती सभ्यताको विकास र सम्बर्द्धन गरौं
- वाग्मती नदी संरक्षण तथा सरसफाइ अभियानमा सहभागी बनौं

"प्रत्येक शनिबार बिहान ७ बजे हुने वाग्मती नदी सरसफाइ महाअभियानमा सहभागी बनौं"


अधिकार सम्पन्न वाग्मती सभ्यता एकीकृत विकास समिति
गुह्येश्वरी फाँट, काठमाडौं
टेलिफोन नं. ४४९८६१९
४४७९७०३
फ्याक्स नं. ४४८२८४८

SANJEN JALAVIDHYUT COMPANY LIMITED
सान्जेन जलविद्युत कम्पनी लिमिटेड
कपनमार्ग, महाराजगंज काठमाडौं



Sanjen(Upper) Hydroelectric Project

| | |
|---|---|
| Installed Capacity : | 14.8 MW |
| Annual Energy : | 85.87 GWh |
| Design Flow : | 11.07 m³s |
| Head : | Gross: 161.30 m |
| Peaking Pond Capacity: | 70 min |
| Headrace Tunnel : | 1.38 km (3.5*3.75)m² |
| Surge Tank : | 40.0 m (h), 6.0 m (dia). |
| Penstock Pipe : | 478 m(l), 1.1 ~ 2.5 m (dia) |
| Turbine : | Horizontal Francis 3 nos |
| Powerhouse : | Surface Type |
| Transmission Line : | 132 kV 6km |



Sanjen Hydroelectric Project

| | |
|---|---|
| Installed Capacity : | 42.5 MW |
| Annual Energy : | 251.94 GWh |
| Design Flow : | 11.57 m³s |
| Head : | Gross: 442.00 m |
| Headrace Tunnel : | 3.63Km (3.5*3.75)m² |
| Surge Tank : | 50.0 m (h), 5.5 m (dia). |
| Penstock Pipe : | 1100 m(l) 1.1 ~ 2.5 m (dia) |
| Turbine : | Pelton, Vertical Axis 3 nos |
| Powerhouse : | Surface Type |
| Transmission Line : | 132 kV 2 km |

Sanjen (Upper) Hydroelectric Project (14.8 MW)
Sanjen Hydroelectric Project (42.5 MW)
phone: 977-01-4374275 fax: 977-04-4375319 email: sanjenhcl@gmail.com

## नेसनलको...

यसैबीच नेसनलको सम्बन्धन अविलम्ब रोक्न पूर्वस्वास्थ्यमन्त्री सांसद गगन थापाले संसदमा जरुरी सार्वजनिक महत्वको प्रस्ताव दर्ता गरेका छन् । बिहीबार दर्ता भएको प्रस्तावमा सांसद श्याम श्रेष्ठ र रुक्मणि चौधरीले समर्थन गरेका छन् । सांसद थापाले दर्ता गराएको प्रस्तावले नेसनलको सम्बन्धन धरापमा पर्ने निश्चित छ ।

## बर्दियामा...

कालमा सुगौली सन्धिले गुमेका भूभागमध्ये बाँके, बर्दिया, कैलाली, कञ्चनपुर नयाँ मुलुकका रुपमा फिर्ता लिएका थिए । उनले दुई देशबीच सीमा छुट्याउन गाडेका पिलरलाई नै जंगे पिलर भनिन्छ । नेपाल र भारतको इस्टइन्डिया कम्पनीबीच सीमा निर्धारण भएको थियो । तत्कालीन ब्रिटिस भारत सरकार र नेपाल सरकारले ९ नोभेम्बर १८६० मा नेपालको पश्चिम तराईसम्बन्धी विषयमा सन्धि गरेपछि सीमा निर्धारण गरिएको थियो । बर्दिया जिल्लाको भारतसँग सीमा जोडिएको ८० किलोमिटर क्षेत्रफलमा जंगे पिलर र सहायक पिलर गरी २१२ वटा पिलर रहेको तथ्यांक सशस्त्र प्रहरी सीमा सुरक्षा कार्यालय बर्दियाले जनाएको छ ।

रातो पुल मैतीदेवीस्थित १५ आना १ पैसा क्षेत्रफलमा रहेको २ तले घरसहितको जग्गा बिक्रीमा ।
सम्पर्क : ९८५१०२३६७०
दलालले कष्ट नगरिदिनु होला